अफगान राष्ट्रपति तालिबानसंगको दोहा वार्तामा जाने
पृष्ठ ६ मा

जनकपुर
टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २३ •अंक २५ •२०७७ साल जेठ ३१ गते शनिवार (13 June, Saturday, 2020) •पृष्ठ ८ •मूल्य रु. ५।-



## प्रदेश सरकार संकटमा

टुडे समाचारदाता

जनकपुरधाम । प्रदेश २ सरकारको नीति तथा कार्यक्रम शनिवार पारित हुने संभावना कमजोर देखिएकोछ ।सत्तापक्षके सभासदहरुले बक्यौता भुक्तानी नभए सम्म नीति तथा कार्यक्रम पारित नगर्ने अडानमा रहेकाले सरकारमाथि संकट आएकोछ ।

विहिबार नै नीति तथा कार्यक्रम पारित गर्ने कार्यसुची रहेपनि सत्तारुढ दलका सभासदहरु भन्दा सदनमा विपक्षी दलका सभासदहरु बढी देखिएपछि शनिवारका लागि छलफल जारी राखिएको हो ।

राजपाका विन्देश्वर यादव( बिक्की)ले बक्यौता भुक्तानी भए मात्र नीति तथा कार्यक्रम पारित गर्ने अडान दोहर्याए ।

### सीमा क्षेत्रमा गोली चल्यो

# एक भारतीयको मृत्यु, २ घाइते, ३ सशस्त्र प्रहरीपनि घाइते

टुडे समाचारदाता

मलंगवा । सर्लाही जिल्लाको पर्सा गाउँपालिकाको वडा नम्बर ३ नारायणपुरमा रहेको सशस्त्र प्रहरी बलको (बीओपी)मा शुक्रवार बिहान ९ बजे भारतबाट अबैध रुपमा प्रवेश गर्न खोज्दा भएको झडपमा एकजना भारतीय नागरिकको मृत्यु भएकोछ ।दुई जना भारतीय घाइते भएका छन् ।सशस्त्र प्रहरी बलका ३ जना प्रहरी घाइते भएका छन् ।

भारतीय नागरिकहरु नेपाल प्रवेश गर्न खोजेपछि सशस्त्र प्रहरीले उनीहरुलाई रोकेको थियो । त्यसक्रममा भएको झडपमा भारतीय नागरिकले सशस्त्र प्रहरीको एसएलआर बन्दुक खोसेका थिए ।प्रहरीले हतियार फिर्ता लिने क्रममा १५ राउण्ड गोली प्रहार गरेको सशस्त्र सीमा सुरक्षा बल सर्लाहीका एसपी गंगाराम श्रेष्ठले जनाए ।

प्रहरीको हतियार खोस्ने भारतको बिहार राज्यको सितामढी जिल्लाको सोनवर्सा थाना अन्तरगतको लालबन्दी घर भएका ४५ वर्षीय लगन रायलाई पक्राउ गरिएको उनले बताए ।

भारतको जानकीनगर र नेपालको नारायणपुरको बीचमा रहेको सीमा स्तम्भ ३१९/२४ मा घटना भएको हो । 'प्रारम्भमा भारतबाट २०/२५ जनाको समुह आएर संग्रामपुरस्थित बोर्डर आउट पोष्ट (बीओपी) मा विवाद गरेका थिए । उनीहरुलाई फर्काएको केहीवेरमा एक डेढ सय जनाको टोली आएपछि विवाद बढेको एसपी श्रेष्ठले बताए ।

स्थितिलाई नियन्त्रणमा लिन १५ राउण्ड हवाई फायर गर्नुपरेको सशस्त्रका एसपी श्रेष्ठले जनाए ।उनले घाइते हुनेहरुमा १ जना हवल्दार र २ जना प्रहरी जवान रहेका छन् ।बीओपीमा ९ जना प्रहरी कार्यरत रहेको उनले बताए ।

'भारतबाट तस्करी गर्न आएका मानिससँग सीमा क्षेत्रमा सशस्त्र प्रहरीको झडप भएको हो' सर्लाहीका प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जीसीले भने, 'घटनामा सशस्त्र प्रहरीका घाइते भएका ३ जनाको अवस्था समान्य छ ।'एकजना भारतीय नागरिक लगन रायलाई पक्राउ गरिएको उनले बताए ।

सर्लाहीको पर्सा गाउँपालिकाका प्रमुख किशुनदेव रायले घटनामा घाइते भएका केही व्यक्ति भारततिर भागेको बताए । बीओपीमा कार्यरत अधिकारीहरुले भने सशस्त्र प्रहरीले संयमता अपनाउँदा अपनाउँदै पनि भिड आक्रोशमा आएकाले दुर्घटना भएको बताएका छन् ।

घटनास्थल नारायणपुर तस्करीका लागि अत्यन्त सुरक्षित बाटो मानिन्छ ।तर लकडाउनको बेला सशस्त्र प्रहरीले मानिसहरुको आउजाउ रोक्न त्यहाँ बीओपी स्थापना गरेकोछ ।बीओपीको कारण तस्करी रोकिएपछि आक्रोशित बनेका तस्करहरुले आक्रमण गरेको अधिकारीहरुले जनाएका छन् ।

'बीओपीमा आक्रमण गर्नेहरु अबैध काम गर्न खोजेका थिए' प्रमुख जिल्ला अधिकारी जीसीले भने, सीमा नाकाहरुमा तैनाथ सुरक्षाकर्मीहरुले तस्करी रोकेके कारण उनीहरुमाथि आक्रमण भएको देखिएकोछ ।'

प्रमुख जिल्ला अधिकारी जीसीका अनुसार घटनास्थलको अवस्था अहिले समान्य छ ।त्यहाँ थप सुरक्षा बल तैनाथ गरिएको छ ।भारतीय समकक्षीसित घटनाबारे संवाद भइरहेकोछ'उनले भने, अवस्था समान्य छ ।

भारत सीतामढीका एसपी अनिल कुमारले जनाए अनुसार मृत्यु हुनेमा सीतामढी जिल्लाको सोनवर्सा थाना अन्तरगतको पिपरा परसाइ बस्ने नागेश्वर रायका छोरा डिकेश रायको उपचारको क्रममा मृत्यु भएकोछ ।

त्यसैगरि घटनामा घाइते भएका विनोद रामका छोरा उमेश राम र विन्देश्वर ठाकुरका छोरा उदय शर्माको उपचार सीतामढी अस्पतालमा भइरहेको उनले जनाए । एसपी अनिल कुमारले जानकी नगरका बासिन्दा र नेपालको सशस्त्र सीमा सुरक्षा बलबीच नेपाली भूमीमा भएको झडप र फायरिंगमा राय घाइते भएको जनाएका छन् ।रायको छातीमा गोली लागेको , शर्मा र रामको खुट्टामा गोली लागेको बताइएको छ ।

नेपाली अधिकारीहरुले आक्रमण गर्नेहरु तस्करी भएको जनाएपनि एसपी अनिल कुमारले भने उनीहरु किसान रहेको जनाएका छन् ।

घटनास्थलमा एसएसबी र सीतामढी पुलिसको संख्या बढाइएको बताउँदै अनिल कुमारले भने, घटनास्थल र वरिपरिको क्षेत्रमा निगरानी बढाइएकोछ ।

भारतीय सञ्चारकर्मी राजु सोनीका अनुसार स्थानीय बासिन्दाहरु भारतको सशस्त्र सीमा सुरक्षा बल( एसएसबी)प्रति आक्रोशित देखिएका छन् ।घटनास्थलमा उनीहरु तैनाथ रहेपनि समयमै स्थितिलाई नियन्त्रणमा लिने प्रयास नगरेको उनीहरुको आरोप छ ।

## जसपालेपनि संविधान संशोधनको पक्षमा मतदान गर्ने

टुडे समाचारदाता

काठमाण्डु ।सरकारले हाले जारी गरेको नेपालको नयाँनक्सालाई संविधानको निसान छापमा समावेश गर्न संविधान संशोधनका लागि संसदमा दर्ता रहेको संविधान संशोधनको पक्षमा जनता समाजवादी पार्टी (जसपा) लेपनि मतदान गर्ने भएकोछ ।

शुक्रबार बसेको जसपा पदाधिकारीको बेठकले संविधान संशोधन विधेयकको पक्षमा मतदान गर्ने निर्णय गरेको छ ।

पार्टीका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवको संयुक्त अध्यक्षतामा बसेको बैठकले संशोधित नक्सालाई निसानछापमा समावेश गर्न हुने संविधान संशोधनको पक्षमा मतदान गर्ने निर्णय गरेको बैठकपछि जारी संयुक्त विज्ञप्तिमा उल्लेखछ ।

नेपालको संविधानको अनुसूची-३ मा संशोधन गर्न संसद्मा प्रस्तुत गरिएको नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयकको पक्षमा मतदान गर्ने निर्णय गरिएको विज्ञप्तिमा जनाइएकोछ ।

प्याकेजमै संविधान संशोधन हुनुपर्ने मागगर्दै आएको समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी(राजपा)नेपालले संविधान संशोधनको विधेयक संसदमा दर्ता गराएका छन् ।दुवै दलले संयुक्त रुपमा दर्ता गराएको संशोधन विधेयक अब पछि मात्र छलफलमा आउनेछ ।

'जसपाले प्याकेजमै संविधान संशोधनगरि असन्तुष्ट पक्षको माग सम्बोधन गर्न सरकारलाई आग्रहगर्दै आएकोछ'जसपाका केन्द्रिय सदस्य महेन्द्र यादवले भने, तर सरकारले एउटा विषयमा मात्र संशोधन गर्न चाहेकोछ । राष्ट्रियहितको सवालमा हामीले आफ्ना मागलाई थाँती राखेर संशोधनको पक्षमा मतदान गर्ने निर्णय गरेको उनले बताए ।

'सरकारले एके पटक सबे विषयलाई संबोधन गरेको भए संविधान संशोधनपछि सर्वमान्य हुने थियो'उनले भने, तर राष्ट्रियताको सवालमा हामी पछाडी हट्दैनौ ।

> 'सरकारले एकै पटक सबै विषयलाई संबोधन गरेको भए संविधान संशोधनपछि सर्वमान्य हुने थियो'उनले भने, तर राष्ट्रियताको सवालमा हामी पछाडी हट्दैनौ ।

संविधान संशोधन विधेयक दर्ता गराएका नेपाली काँग्रेसलेपनि नयाँ नक्सा निसानछापमा समावेश गर्न हुने संविधान संशोधनको पक्षमा मतदान गर्ने निर्णय पहिले गरिसकेको छ ।

सरकारले संविधान संशोधनलाई सर्वसम्मतीबाट पारितगरि राष्ट्रिय एकताको प्रदर्शनगर्न आग्रहगर्दै आएकोछ ।जसपालेपनि संशोधनको पक्षमा मतदान गर्ने निर्णय गरेसँगै सर्वसम्मतीबाट संशोधन पारित हुने भएकोछ ।

शनिबार प्रतिनिधिसभामा संविधान संशोधन विधेयकमाथि दफाबार छलफल र विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यक्रम छ ।

नेपालले सन् १८१६ को सुगौली सन्धिअनुसार लिम्पियाधुरा सहितको राजनीतिक तथा प्रशासनिक नक्सा सार्वजनिक गरेको छ ।देशको संशोधित नक्सालाई संविधानको अनुसुचिमा समावेश गर्न निशान छाप परिवर्तन गर्नुपर्ने भएकोछ ।सरकारले सो ही प्रयोजनका लागि मात्र संविधान संशोधन दर्ता गराएकोछ ।

अध्यक्षद्वय ठाकुर र यादवले जारी गरेको विज्ञप्तिमा के.पी. शर्मा ओली नेतृत्वको सरकार कोरोना महामारी नियन्त्रण गर्न पूर्ण असफल सिद्ध भएको आरोप लगाएका छन् ।

मुलुकमा स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, उद्योग लगायत आर्थिक क्षेत्रमा चरम भ्रष्टाचार, संकट र अनियमितता बढ्दै गएको उल्लेखगर्दै विज्ञप्तिमा भनिएकोछ, ओली सरकारका असफलताका विरुद्ध व्यापक जनप्रदर्शनहरु भईरहेका छन् ।

सरकारले जनताका आवाजलाई सम्वोधन गर्नुकोसट्टा हेपाहा प्रवृति देखाई शान्तिपूर्ण जनप्रदर्शन माथि दमन गरेकोमा सो कार्यको घोर भत्सर्ना गर्दै यस्ता दमनात्मक कार्यलाई बन्द गरी जनताका न्यायोचित आवाजलाई तुरुन्त सम्बोधन गरिनु पर्ने माग गरिएकोछ ।

NOVEL CORONA VIRUS (COVID-19)
सर्वसाधारणको लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू
ज्वरो (१००.४ °F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?
नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छुं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

कोरोना भाइरस छिट्टै सम्पर्क हुने स्थानहरु
१. सिनेमाहल
२. अस्पताल
३. विद्यालय, कलेज
४. सपिङ मल
५. सार्वजनिक यातायात
६. वृद्धाश्रम
७. व्यवस्त गल्ली
८. सभा, जुलुस भएको स्थान
९. होटेल रेष्टुराँ
१०. तरकारी तथा मासु बेच्ने ठुला ठाउँहरु आदी ।

काम नपरे सम्म यस्ता स्थानहरुमाा नजाऔं, जान परेमा माक्स हेण्ड स्यानीटाइजर आदिको प्रयोग गरौं, घर फर्के पछि घर बाहिर वा अलग कोठामाा कपडा फेरेर तथा साबुन पानीले हात धोएर मात्र भान्सा, बैठक कोठामा जाने गरौं ।

कसरी सर्छ कोरोना भाइरस
१. खोक्दा, हाछ्यु गर्दा निस्कने र्याल, थुक तथा सिंगानबाट ।
२. फोहोर हातको सम्पर्कबाट ।
३. राम्रोसंग नपाकेको माछा तथा पशुपंक्षीहरुको मासुबाट ।
४. कोरोना भाइरसबाट प्रभावित व्यक्तिको संसर्गबाट ।

नोबेल कोरोना भाइरस मानव जातिमा पहिलो पटक चीनको हुवान प्रान्तमा ३१ डिसेम्बर २०१९ मा पहिचान भएको हो। यस भाइरसले सामान्य रुघाखोकी देखि गम्भीर प्रकारको तीब्र श्वासप्रश्वासको संक्रमण गराई मानिसको मृत्यु गराउन सक्छ । नेपाल यो रोग संक्रमणको उच्च जोखिममा रहेको हुँदा रोग फैलन नदिन व्यक्तिगत तवरमा सुरक्षाका उपायहरु अवलम्बन गर्न आम जनसमुदायहरुमा हार्दिक अनुरोध गर्दछौं ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
प्रदेश नं. २, जनकपुरधाम



# मर्यादा विपरित गर्ने डाक्टर बर्खास्त

राकेश यादव

गौर । रौतहटको मौलापुर नगरपालिकाले कोरोना महामारी नियंत्रण गर्ने अभियानमा जिम्मेवारी विपरित कार्य गरेको भन्दै एक जना चिकित्सकलाई सेवाबाट बर्खास्त गरेको छ।

नगरपालिका अन्तर्गत सञ्चालित रहेका प्राथमिक स्वास्थ्य केन्द्र पतौरामा कार्यरत रहेका मेडिकल अधिकृत डाक्टर हरिशंकर प्रसादलाई सेवाबाट हटाइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सिकिन्दर प्रसाद साहले बताए। करार सेवामा नियुक्त गरिएको प्रसादले मर्यादा विपरीत कार्य गरेको पुस्टि भएको र स्पष्टिकरण सोध्दा संतोषजनक जवाव दिन नसकेकोले सेवाबाट बर्खास्त गरिएको अधिकृत साहले जनाए।

कोरोना संक्रमणको बेलामा फ्रंटलाइनमा रहेका स्वास्थ्यकर्मीहरुले आफ्नो भूमिका जिम्मेवारी पूर्ण रुपमा निर्वाह गर्नु पर्ने भएकोले त्यस्तो नगर्नु दुखद रहेको उनले बताए । डाक्टर प्रसादलाई नगर कार्यपालिकाको बैठकको निर्णयबाट बरखास्त गर्ने निर्णय गरिएको छ।

# शंकास्पद अवस्थामा महिला मृत फेला

टुडे समाचारदाता

कलैया । बाराको कोल्हवी नगरपालिका वडा नम्बर ८ नयाँवस्तीमा एक महिलाको शव फेला परेको छ।

करिब २२ बर्षिया सलिना खाँड ठकुरी आफ्नै घरमा मृत अवस्थामा शुक्रबार विहान फेला परेको ईलाका प्रहरी कार्यालय कोल्हवीका प्रमुख प्रहरी निरीक्षक बलाष्टर सिंहले बताए।

सलिनाको श्रीमान वैदेशीक रोजगारीको सिलसिलामा साउदीमा रहेकाले उनी एक्लै घरमा बस्दै आएकी थिइन। बिहीबार बेलुका घरायसी काम गरेकी सलिना विहान अबेरसम्म नउठेपछि छिमेकीले हेर्दा मृत अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेको थियो।

उनको हत्या हो या आत्मा हत्या भन्ने पोष्टमाटमको रिपोर्ट आएपछि मात्र थाहा हुने प्रहरी निरीक्षक सिंहले बताए।

शव पोष्टमार्टमको लागि कलैया अस्पतालमा पठाइएको प्रहरी निरीक्षक सिंहले जानकारी दिए । घरमा कोई नभएको हुदा पोष्टमार्टम गरी माईती पक्षलाई जिम्मा लगाउने प्रहरी निरीक्षक सिंहको भनाई रहेको छ ।

सलिनाको शव उनको घरभित्र ओछ्यानमै सुतिरहेको अवस्थामा फेला परेको र घरभित्र एक ठाउमा तथा घरभन्दा बाहिर करिब ५० मिटर पर खेतबारीमा गरि दुई ठाउँमा बमिट गरेको समेत फेला परेको हुदा यस बिषयमा थप अनुसंन्धान गरिने प्रहरी प्रवक्ता गौतम मिश्रले बताए।

# १४ संक्रमित भेटिएपछि बिजलपुरा सिल

टुडे समाचारदाता



बर्दिबास । एकैदिन १४ जनामा कोरोना भाइरस पोजिटिभ पुष्टि भएपछि महोत्तरीको बिजलपुरालाई सिल गरिएको छ। महोत्तरीको बर्दिबास नगरपालिका-१२ र १३ स्थित बिजलपुरामा १४ जना कोरोना संक्रमित भेटाएपछि स्थानीयहरुले सील गरेको छ। वडा नं. १३ मा १३ जना र १२ मा १ जना संक्रमित भेटिएको छ।

४ दिनको अवधिमा १४ जनामा कोरोना संक्रमण पुष्टि भएपछि बिजलपुरालाई स्थानीयवासीहरु मिलेर सील गरेको स्थानीय समाजसेवी युवा रमेश कुमार महतोले बताए। १४ जना संक्रमित भेटाएपछि बिजलपुराका स्थानीयवासीहरु त्रसित भएका छन्। वडा नं. १३ का वडाध्यक्ष श्याम प्रसाद राउतले संक्रमितको सम्पर्कमा आएका सबै युवालाई क्वारेन्टाइनमा राखिएको बताए । बिजलपुरामा संक्रमितको संख्या बढ्दै गएको बेला क्वारेन्टाइन व्यस्थापनका संगै आर्थिक सहयोगको लागिचन्दा समेत सङ्कलन गरिएको अध्यक्ष राउतले बताए।

कोरोना भाइरसका कारण विश्व नै लकडाउन रहेको बेला युवाहरु भारतको अहमाबादबाट लुकिछिपी नेपाल आएका थिए । उनीहरुलाई बर्दिबास नगरपालिकाले सञ्चालन गरेको क्वारेन्टाइनमा राखिएको थियो।

# भूमि फिर्ताका लागि द्विपक्षीय वार्तालाई महत्व दिएका छौँ: मन्त्री अर्याल



काठमाण्डु । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले हाले नेपाली नक्सामा समेटिएको कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको अतिक्रमित भूमिलाई फिर्ता ल्याउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन गण्डकी प्रदेश समितिले जुम अनलाइनका माध्यमबाट आयोजना गरेको शिक्षक तालीमको शुक्रबार समापन सत्रमा उहाँले सरकारले तथ्य र प्रमाणका आधारमा नक्सा जारी गरिसकेकाले भारतीय पक्षबाट भोगचलन भएको सो भूमिलाई फिर्ता ल्याएर नेपालको हो भनेर पूर्जासहित प्रमाणित गरिने स्पष्ट पार्नुभयो।

कूटनीतिक र द्विपक्षीय वार्तालाई सरकारले महत्व दिएकाले वार्ताबाट नै समस्या समाधान गर्न सक्छौँ भन्ने दृढ विश्वासका साथ सरकार अघि बढेको मन्त्री अर्यालले बताउनुभयो। कोरोनाका कारणले अन्य सबै क्षेत्रजस्तै शिक्षा क्षेत्रमा पनि ठूलो असर पारेको बताउँदै मन्त्री अर्यालले विद्यमान अवस्थामा शिक्षक, विद्यार्थी र अभिभावकलाई जोड्नका लागि अनलाइन प्रविधि महत्वपूर्ण उल्लेख गर्नुभयो।

हालको विषम परिस्थितिमा समेत इन्टरनेट साक्षरताले बढावा आएको बताउँदै उहाँले अध्ययन/अध्यापनमा सबैलाई जोड्न सकिने माध्यमको खोजीका लागि सरकारले शिक्षा मन्त्रालयमार्फत योजना बनाउने जानकारी दिनुभयो । बालबालिकालाई विद्यालयमा ल्याऔँ र पढाइमा टिकाउँ भन्ने कुरालाई सरकारले प्राथमिकतामा राखेको बताउँदै मन्त्री अर्यालले सार्वजनिक विद्यालयलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाइने र सार्वजनिक विद्यालय सुधारका लागि विसं २०७६ देखि २०८५ सम्म सवलीकरण दशक शुरु गरिएको स्पष्ट पार्नुभयो।

पूर्वमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी(नेकपा) सल्लाहकार परिषद्का अध्यक्ष केशव बडालले सहकारी अर्थव्यवस्थालाई बलियो बनाउन माध्यमिक विद्यालय तहदेखिने अर्थशास्त्रको प्राविधिक ज्ञान दिइनुपर्नेमा जोड दिनुभयो। नेपाल प्रज्ञा प्रतिष्ठानका उपकूलपति डा जगमान गुरुङले संस्कार र संस्कृतिप्रति शिक्षकमा गहिरो अध्ययन आवश्यक पर्ने बताउनुभयो।

सङ्गठनका केन्द्रीय अध्यक्ष लक्ष्मण शर्माले शिक्षकका अधिकार र हितका सवालमा जारी बन्दाबन्दीका अवधिमा समेत अनलाइनका माध्यमबाट शिक्षा मन्त्रालयसँग वकालत गरिरहेको उल्लेख गर्नुभयो । उहाँले सूचना प्रविधिका बारेमा आधारभूत ज्ञान भएका शिक्षकको सर्टिफिकेशन गर्ने योजना रहेको सुनाउनुभयो।

सङ्गठनका गण्डकी प्रदेश अध्यक्ष राम पोखरेलले शिक्षकलाई बन्दाबन्दीमा समेत गुणस्तरीय शिक्षालगायतका विभिन्न विषयमा विषय विज्ञबाट सैद्धान्तिक ज्ञानसहित सूचना प्रविधिका माध्यमबाट विद्यार्थी र शिक्षकलाई कसरी जोड्न सकिन्छ भन्ने बारेमा चार दिनको तालीममा ज्ञान दिइएको बताउनुभयो।रासस

# शिक्षक सक्रिय भए वैकल्पिक सिकाइ प्रभावकारी हुने

काठमाण्डु । शिक्षक सक्रिय भएका विद्यालय खुल्न नसकेको अवस्थामा पनि अनलाइन र दूरशिक्षाका माध्यमबाट प्रभावकारीरुपमा सिकाइ निरन्तरता हुने औँल्याइएको छ।

लू निभाः बाल सरोकार समूहको आयोजनामा 'वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरणका लागि शिक्षक परामर्श' विषयक आज आयोजित अनलाइन छलफलमा विज्ञ तथा शिक्षाकर्मीले कोभिड-१९ को विषमस्थितिमा शिक्षकको भूमिका महत्वपूर्ण बताएका हुन्।

छलफलमा शिक्षाविद् डा विद्यानाथ कोइरालाले महामारीले चुनौती र अवसर सिर्जना गरेको जनाउँदै शिक्षकले सरकार वा माथिको आदेश पर्खनुभन्दा स्थानीय सूचना प्रविधि र स्रोत सामग्रीको उपयोग गरी वैकल्पिक शिक्षण गर्नसक्ने बताउनुभयो।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सूचना अधिकारी दिव्या दवाडीले सरकारले हाले ल्याएको वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका २०७७ ले सूचना प्रविधिमा पहुँच भएका र नभएका विद्यार्थीको समूह वर्गीकरण गरी उनीहरुको अनुकूलताअनुसार सिकाइ निरन्तरता दिन शिक्षकले काम गर्नुपर्ने बताउनुभयो।

संवादमा ललितपुरको महानगरपालिका र गोदावरी नगरपालिका, डडेल्धुराको अजयमेरु र गन्न्याधुरा गाउँपालिका तथा दक्षिण ललितपुरका महाँकाल र बाग्मती गाउँपालिकाका प्रधानाध्यापक, शिक्षकलगायतको सहभागिता थियो।

लू निभाः का कार्यकारी निर्देशक नरेन्द्र डङ्गोलले वैकल्पिक सिकाइको निरन्तरताका लागि सहजीकरण गरिएको जनाउनुभयो।रासस

# नेपाल र क्यानाडा सरकार एकसाथ अघि बढ्ने

काठमाण्डु । उपप्रधानमन्त्री ईश्वर पोखरेल र क्यानाडा सरकारका राष्ट्रिय रक्षामन्त्री हारजित साज्जनबीच शुक्रबार अपराह्न टेलिफोन वार्ता सम्पन्न भएको छ।

वार्तामा दुवै देशका सरकारबाट हाल विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोगको सङ्क्रमण, रोकथाम तथा नियन्त्रणका लागि भइरहेका प्रयासका सम्बन्धमा छलफल हुनुका साथै यसलाई अझै प्रभावकारी बनाउन दुई देशबीच पारस्परिक सहयोग गर्ने विषयमा छलफल भएको रक्षा मन्त्रालयका प्रवक्ता सन्तबहादुर सुनारले जानकारी दिनुभयो।

रक्षामन्त्रीसमेत रहनुभएका पोखरेलले विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस रोगबाट मृत्यु हुने क्यानेडियन नागरिकप्रति आफ्नो व्यक्तिगत र नेपाल सरकारका तर्फबाट भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्नुहुँदै सङ्क्रमित नागरिकलाई शीघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्नुभयो।

नेपाल सरकारलेयस महामारीको नियन्त्रण र व्यवस्थापनका लागि चालेका कदमका बारेमा उहाँले क्यानडाका रक्षामन्त्रीलाई जानकारी गराउनुभयो । उहाँले यसैबीचमा अघिल्लो महिना नेपालका राष्ट्रपति विद्यादेवी भण्डारी र मित्रराष्ट्र क्यानाडाका गभर्नर जेनरलबीच कोभिड-१९ महामारी नियन्त्रण र व्यवस्थापन गर्ने सम्बन्धमा भएको सूचनाको आदान प्रदानको स्मरण गर्नुहुँदै सन् २०१८ मा संयुक्त राष्ट्र सङ्घीय साधारणसभामा नेपालका तर्फबाट प्रधानमन्त्री केपी शर्मा ओली र क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोको भेटवार्ताको स्मरण समेत गर्नुभयो। उहाँले यस्ता उच्चस्तरीय वार्ताबाट दुई देशबीचको सम्बन्ध अझै गाढा र फराकिलो हुने विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा क्यानाडा राष्ट्रिय रक्षामन्त्री साज्जनले कोभिड-१९ को विश्वव्यापी महामारीको नियन्त्रण र रोकथामका लागि नेपाल सरकारले गरेका प्रयासहरुको सराहना प्रकट गर्नुहुँदै आगामी दिनमा नेपाल र क्यानाडा सरकार दुवै एकसाथ अघि बढ्ने विश्वास प्रकट गर्नुभयो।रासस

# भ्रममा नपर्न आग्रह



नेपालगंज । प्रदेश नं ५ का मुख्यमन्त्री शङ्कर पोखरेलले कोभिड १९ को सङ्क्रमण नियन्त्रण, परीक्षण र उपचारमा अहिलेसम्म भएको खर्चको पारदर्शीताका नाममा उठाइएका मागले जनसमुदायलाई नै भ्रमित बनाइरहेको र परीक्षण तथा उपचारमा प्रतिकूल असर पुर्‍याइरहेको बताउनुभएको छ।

सरकारले अहिलेसम्म गरेको खर्चका विषयमा नागरि कस्तरमा उठेका प्रश्नका विषयमा मुख्यमन्त्री पोखरेलले शुक्रबार सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्नुहुँदै कोरोना महामारीमा अहिलेसम्म भएको खर्चका बारेमा अविश्वास गर्ने र प्रश्न उठाउने पद्धित फराकिलो देखिँदै जाँदा यसले परीक्षण र उपचारमा समेत जटिलता पैदा गरिरहेको बताउनुभएको छ।

उहाँले सामाजिक सञ्जालमार्फत आज सार्वजनिक गर्नुभएको आफ्नो धारणामा खर्च पारदर्शी र विधिसम्मत हुनुपर्ने भन्ने विषयमा कुनै छुट हुन नसक्ने तर, सङ्कटका समयमा सामान्य अवस्थाको जस्तो प्रक्रियामा अल्झने अवस्था पनि नरहेकाले अहिलेको समय भनेको खर्च गर्ने जिम्मेवार बन्ने र वाचडगको भूमिकामा रहेकाले धैर्य गर्नु नै हो भन्नुभएको छ।

उहाँले अहिले जति खर्च भएको छ त्यो सङ्कटको सापेक्षतामा निकै कम रहेको र सार्वजनिक भएको हिसाब पनि अनुमान मात्र रहेको स्पष्ट पार्नुभएको छ। मुख्यमन्त्री पोखरेलले विदेशबाट स्वदेश फर्कनेको सङ्ख्या वृद्धिसँगै कोरोना परीक्षण र उपचारमा खर्च हुने शुरु हुने अवस्था आएको बताउँदै यतिबेला सरकारले अझै ठूलो खरिद गरेर थप तयारी गर्नुपर्ने अवस्था आएको बताउनुभएको छ । अहिलेसम्म सङ्घ, प्रदेश र स्थानीय तहले खर्चको व्यवस्थापन गरेका छन्।

उहाँले वास्तविक खर्च भुक्तानी भएसँगै सरकारी लेखामा देखिने बताउनुभएको छ। उहाँले यसका साथै उपचार र परीक्षणमा संलग्नले पाउनुपर्ने जोखिम भत्ता अहिले नै पाइनसकेको त्यो जोडिँदा अहिलेको खर्च अझै बढ्न सक्ने अनुमान गर्नुभएको छ।

मुख्यमन्त्री पोखरेलले अहिले नै खर्च बढी भयो भनेर अविश्वास पनि गर्ने र एकघर एक पिसिआर परीक्षणको माग आउनु आफैँमा विरोधाभाषपूर्ण देखिएको टिप्पणी गर्नुभएको छ । उहाँले एक घर एक पिसिआर परीक्षण गर्दा परीक्षणमा मात्रै न्यूनतम रु ५० देखि ६० अर्ब खर्च लाग्न सक्ने भन्दै रातारात त्यत्रो खर्चको व्यवस्थापन गर्ने प्राविधिक जनशक्ति र सामर्थ्य सम्भव नभएकाले यस्ता अव्यावहारिक कुरा गर्न नहुने बताउनुभएको छ।रासस

# कोरोनासँग जुध्न उच्चस्तरीय विज्ञ समिति निर्माण गर्न माग

साझा पार्टीले कोभिड-१९ सँग जुध्न उच्चस्तरीय विज्ञ समिति निर्माण गर्न माग गरेको छ। सो पार्टीले शुक्रबार एक विज्ञप्ति जारी गर्दै कोरोना सङ्कटले विविध क्षेत्रमा पारेको तत्कालीन र दीर्घकालीन असरसँग जुध्न उच्चस्तरीय विज्ञ समिति निर्माण गर्न माग गरेको हो।

साझा पार्टीले मुलुकमा झण्डै तीन महिना भएको बन्दाबन्दीका कारण दैनिक ज्याला, मजदूरी गर्ने लाखौं नागरिकको जीवन अत्यन्त कष्टकर बन्दै गएको, उद्योग व्यवसाय, कृषि पर्यटन, शिक्षालगायतका क्षेत्र धराशायी हुँदै गएकोमा चिन्ता व्यक्त गरेको छ। विदेशमा अलपत्र परेका नेपालीलाई चाँडो स्वदेश ल्याउन साझाले सरकारसँग माग गरेको छ।रासस

# ओरेक नेपालको ध्यानाकर्षण

टुडे समाचारदाता

जनकपुरधाम । सात महिनाको गर्भ बोकेर न्यायको लागि भौतारिदै महोत्तरीकी एक युवतीबारे जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा छापिएको समाचारप्रति ओरेक नेपाल धनुषाको ध्यानाकर्षण भएको छ। गएको जेठ २५ गते छापिएको उक्त समाचारप्रति ध्यानाकर्षण गर्दै ओरेक नेपाल धनुषाले पीडितलाई न्यायको लागि शुरुदेखि लागिपरेको बताएको छ।

ओरेक नेपाल धनुषाकी जिल्ला परियोजना संयोजक रोजलिन कुमारी सिंहद्वारा हस्ताक्षरित ध्यानाकर्षणपत्रमा पीडितलाई मनोपरामर्श, सुरक्षाआवास, कानुनी सहयोग र पारिवारिक तथा समाजिक पुर्नमिलनसम्मको सहयोग गरेको उल्लेख गरिएको छ।

लामो समयदेखि महिला अधिकारको लागि काम गर्दै आएको ओरेक नेपालले पीडितलाई न्यायको लागि हरसम्भव प्रयास गरिरहेको ध्यानाकर्षणपत्रमा उल्लेख गरिएको छ। पीडितलाई थप पीडित बनाउने कुनै गैरजिम्मेवारीपूर्ण कार्य नभएको स्पष्ट पारेको छ।

## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : प्रेम प्रसंग, मित्र सुख। |
| मिथून | : अवसर प्राप्त। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : नयाँ कार्य हुने। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : पारिवाहिक सुख। |
| बृश्चिक | : धन बृद्धि सञ्चय। |
| धनु | : शिक्षामा उन्नति। |
| मकर | : प्रतिभा सम्पन्नता। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# संविधान संशोधनमा एकताबद्ध हुन उपप्रमको आव्हान



काठमाण्डु । उपप्रधानमन्त्री एवं कोभिड-१९ सङ्कट व्यवस्थापन सञ्चालन केन्द्र (सिसिएमसी) निर्देशक समितिका संयोजक ईश्वर पोखरेलले संविधान संशोधनमा एकताबद्ध हुन आह्वान गर्नुभएको छ । शुक्रबारविज्ञप्ति जारी गर्दै विभिन्न माग राखी आन्दोलन गरेकाहरुलाई अहिलेको अवस्थाप्रति गम्भीर र संवेदनशील हुन आग्रह गर्दै उहाँले शनिबार संसद्बाट संविधान संशोधन हुन लागेकाले त्यसमा एकताबद्ध हुन आग्रह गर्नुभयो ।

लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समेटिएको नक्सालाई नेपालको निशाना छापमा प्रतिविम्बित गर्ने गरी प्रतिनिधिसभाले भोलि गर्ने संविधान संशोधनसम्बन्धी निर्णय नेपालको इतिहासको एउटा महत्वपूर्ण क्षण हो, विज्ञप्तिमा भनिएको छ, नेपाली जनताले लामो समयदेखि प्रतीक्षा गरिरहेको यस विशेष दिनलाई हार्दिकरुपमा स्वागत गर्न र सिङ्गो राष्ट्र यस विषयमा एक रहेको यथार्थलाई पुनःपुष्टि गर्न हामी सबै दाजुभाइ दिदीबहिनीलाई हार्दिक अनुरोध गर्दछौं ।

उहाँले आफ्ना माग राखी शान्तिपूर्ण रुपमा उपस्थित हुन पाउनु लोकतान्त्रिक अधिकारको विषय भए पनि सम्बद्ध सबैलाई अहिलेको अवस्था सामान्य नरहेको र सबै कोरोना सङ्क्रमणको उच्च जोखिममा रहेको अवस्थाप्रति गम्भीर र संवेदनशील हुन आग्रह गर्नु भएको छ।

लकडाउनलाई क्रमशः खुकुलो बनाउँदै जनजीवनलाई सहज अवस्थामा फर्काउने निर्णय भइसकेको परिप्रेक्ष्यमा सामाजिक दूरीलाई कायम राख्नु र सङ्क्रमणको जोखिमलाई नियन्त्रण गर्न सहयोग गर्नु हामी सबैको दायित्व हो, उहाँले विज्ञप्तिमा भन्नुभएको छ, "थोरै पनि असावधानीले सङ्क्रमणले भयावह महामारीको रुप लिन सक्ने खतराप्रति सजग हुन सम्बद्ध सबैमा आह्वान गर्दछौं ।

कोभिड -१९ सङ्क्रमण तथा नियन्त्रण उच्चस्तरीय समितिका संयोजक पोखरेलले विश्वका विभिन्न राष्ट्रजस्तै नेपालले पनि यतिबेला कोरोना महामारीका विरुद्ध कठिन सङ्घर्ष गरिरहेको उल्लेख गर्दै सरकारको योजना र नागरिकको साथ सहयोगबाट हालसम्म सरकारले कोरोना सङ्क्रमणलाई धेरै हदसम्म प्रभावकारी नियन्त्रण गरिरहे पनि केही समययता सङ्क्रमण बढ्दै गइरहेको र आगामी दिनमा यसमा थप वृद्धि हुने जोखिम देखिएको बताउनुभएको छ । जोखिमको यो विशेष स्थितिलाई ध्यानमा राख्दै विज्ञ, सार्वजनिक सञ्चारमाध्यम र आम नागरिकबाट प्राप्त सुझावलाई समेत ध्यानमा राख्दै कोरोना महामारीविरुद्धको योजनालाई थप प्रभावकारी बनाउन सरकार प्रतिबद्ध रहेको छ, विज्ञप्तिमा भनिएको छ ।

**खर्च छिट्टै सार्वजनिक गरिने**

उहाँले कोरोनाको रोकथाम, नियन्त्रण र उपचारका लागि भएको खर्च छिट्टै सार्वजनिक गरिने बताउनुभयो । नेपाल सरकारका तर्फबाट विभिन्न शीर्षकमा निकासा भएको र प्रदेश सरकार र स्थानीय तहले पनि आफ्ना कोषबाट कोरोनाविरुद्ध खर्च गरेको उल्लेख गर्दै उहाँले सरकारबाट यसको समग्र फाँटबारी छिट्टै सार्वजनिक हुने जानकारी दिनुभयो ।

हाल नेपालले गरिरहेको पिसिआर टेष्ट दक्षिण एशियाका धेरै मुलुकको भन्दा अधिक भए पनि सरकारले पिसिआर टेष्टको दायरा थप बढाउने निर्णय गरिसकेको उल्लेख गर्दै उहाँले एक महिना यता विदेशबाट भित्रिने नेपालीको संख्या ह्वात्तै बढेर क्वारेन्टिनको व्यवस्थापनमा केही समस्या देखिए पनि तिनको निरन्तर सुधार गर्दै जान सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।रासस


## प्रदेश सरकारद्वारा पत्रकार बीमाका लागि बजेट विनियोजन

धनगढी । प्रदेश नं ५ सरकारले कोरोनाको महामारीमा समाचार सम्प्रेषणका लागि अग्रपङ्तिमा रहेर पत्रकारिता गरिरहेका प्रदेशभरिका पत्रकारको कोरोना बीमा गरिदिने भएको छ। प्रदेश सरकार मन्त्रिपरिषद्को आजको बैठकले कोरोनाको महामारीमा पत्रकारसमेत जोखिम अवस्थामा रहेकाले पत्रकार बीमाका लागि बजेट विनियोजन गर्दै बीमा गरिदिने निर्णय गरेको बैठकपश्चात् सरकारका प्रवक्ता भौतिक योजना तथा विकासमन्त्री वैजनाथ चौधरीले जानकारी दिनुभयो । सरकारले बीमाका लागि रु चार लाख ९० हजार बजेट विनियोजन गरेको उहाँले जानकारी दिनुभयो ।

मन्त्री चौधरीका अनुसार पत्रकार महासङ्घको प्रदेश नं ५ समितिको समन्वयमा प्रदेशमा क्रियाशील पत्रकारको बीमा गरिने छ। बैठकले पूर्वाधार विकाश प्राधिकरण स्थापना सम्बन्धमा बनेको विधेयक मस्यौदा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ भने कोभिड १९ का कारण मृत्यु हुनेको दाहसंस्कार गर्नेसम्बन्धी कार्यविधिलाई समेत स्वीकृत गरेको छ ।

त्यसैगरी बैठकले प्रदेश विश्वविद्यालय स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन गर्न बनेको विधेयक प्रदेशसभामा पेश गर्न स्वीकृति प्रदान गर्नुका साथै बुटवल टेक्निकल इन्टिच्युटलाई रु १० लाख अनुदान दिने निर्णय गरेको प्रवक्ता चौधरीले जानकारी दिनुभयो। उहाँले शुक्रबारको बैठकले प्रदेशमा सञ्चालनमा रहेका आइसोलेसनको सञ्चालन तथा व्यवस्थापन गर्ने मापदण्डसमेत स्वीकृत गरेको जानकारी दिनुभयो। रासस

# भीड बढ्दा जोखिमको थप खतरा



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार शुक्रबार एकै दिन मुलुकभर ४४८ व्यक्तिमा कोभिड-१९ सङ्क्रम देखियो । अहिलेसम्म मुलुकभर पाँच हजार बढी मानिस सङ्क्रमित भइसकेका छन् । माघमा एक जना देखिएको थियो चैतमा फाट्टफुट्ट देखिएकामा वैशाख अन्तिम साताबाट भने सङ्क्रमणको दर क्रमशः बढ्दै छ । सरकारले परीक्षणको दायरासमेत बढाउँदै गएको छ । जोखिम कायमै रहँदा सर्वसाधारणको माग र आवश्यकतालाई ध्यानमा राखेर यही जेठ २८ गतेको निर्णयअनुसार सरकारले सर्वसाधारणको आवागमनलाई सहजीकरण गर्दै आर्थिक त्रिन्याकलापलाई चलायमान बनाएको छ।

मानिसको चहलपहल थप वृद्धि हुने हुँदा सङ्क्रमणबाट जोगिन थप चनाखो हुनुपर्ने र भौतिक दूरी कायम गर्नुपर्ने वर्तमान अवस्थामा ठाउँठाउँमा देखिएको प्रदर्शनले निम्त्याउनसक्ने जोखिम स्वयं व्यक्तिका लागि मात्रै नभई आम समाज के लागि चुनौती बन्दै छ। नेपाल चिकित्सक सङ्घका उपाध्यक्ष डा अनिल कार्की भीडभाड र सामूहिक जमभटले कोभिड-१९ को सङ्क्रमण फैलाउन मद्दत पुऱ्याउने बताउनुहुन्छ । राजधानी काठमाण्डुलगायत जिल्ल्लामा केही दिनदेखि विभिन्न माग राखेर सडकमा प्रदर्शन हुँदै आएको छ। कतिपय युवाले भौतिक दूरी कायम गर्ने प्रयास गरी प्रदर्शनमा उत्रिएको देखिए पनि भीडमा कहीँ न कहीँ चुक्ने चिकित्सक ठम्याई छ। चिकित्सकले रोगबाट जोगिन कम्तीमा दुई मिटरको दूरी कायम हुनुपर्ने बताउँदै आएका छन्।

दुई दिनअघि सडक नै अवरोध हुने गरी प्रदर्शन भएपछि काठमाण्डुमा प्रहरीले पानीको फोहरा प्रयोग गरेर हटाउनु परेको थियो । भीडभाडमा जतिसुकै भौतिक दूरी कायम गर्न खोजिए पनि सम्भव हुँदैन । त्यसदिन काठमाण्डुमा निस्किएको एउटा समूहको प्रदर्शन भौतिक दूरी कायम गर्ने खालको थिएन।

वर्तमान विषम परिस्थितिमा कसैले पनि स्वास्थ्यमा खेलबाड गर्न नहुनेमा जोड दिँदै डा कार्की थप्नुहुन्छ, "कोभिड-१९ बाट बच्ने सबैभन्दा महत्वपूर्ण उपाए भनेको 'सोसल डिस्ट्यान्स' कायम गर्नु हो, अहिलेको प्रदर्शनले त्यो कायम भएको देखिँदैन, आफ्ना माग भए सामाजिक सञ्जाल वा यस्तै अन्य उपाए अपनाउनुपर्छ, भीडभाड गर्दा आफू मात्रै जोखिममा पर्दैन समाज नै प्रभावित हुन्छ भन्ने कुरा बिर्सनुहुन्न ।

सामाजिक सञ्जालमा पनि धेरैबाट यसरी प्रदर्शन गर्दा जोखिम बढ्ने भन्दै वैकल्पिक विधि अपनाएर माग राख्न प्रशस्त सुझाव आएको छ। एकजना फेसबुक प्रयोगकर्ता एकनारायण पौडेल आफ्नो स्टेटसमा लेख्नुहुन्छ, सामूहिक र सङ्गठित आन्दोलन चाहे शालिन वा शान्तिपूर्ण नै किन नहोस् यो कोरोनाको कहरमा जायज मान्न सकिँदैन, सरकारका काम र परिणामलाई समर्थन, खबरदारी, विरोध, आलोचना र दबाब दिन अन्य माध्यमको खोजी हुनुपर्छ।

कोभिड-१९ सङ्क्रण रोक्न विश्वव्यापी प्रयोग भएको उत्तम विकल्प बन्दाबन्दीलाई नेपाल सरकारले पनि गत चैत ११ गतेबाट प्रयोग गरेको थियो । बन्दाबन्दी नभएको भए अहिले मुलुकले थेग्न नसक्ने गरी रोग फैलने अवस्था हुने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको निष्कर्ष छ। उपयुक्त समयमा उपयुक्त निर्णय गर्दा रोगको सङ्क्रमण रोक्न सफल भएको सरकारले यसअघि नै सार्वजनिक गरिसेको छ। नेपालको प्रयासलाई विश्वका विकसमित मुलुकले समेत प्रशंसा गरेका छन्। यद्यपि अझै पिसिआर विधिको परीक्षणको दायरा बढाउनुपर्ने, आइसोलेसन र क्वारेन्टिनको व्यवस्थापन चुस्त पार्नुपर्ने, भारतबाट आउने नागरिकलाई व्यवस्थितरुपमा प्रवेश गराउनुपर्नेलगायत विषयमा अझै केही कमी देखिन्छ।

त्यसलाई सम्बोधन गर्न के लागि परीक्षणको दायरा बढाउने र क्वारेन्टिनलाई व्यवस्थित गर्ने विषयमा सरकार गम्भीर रहेको र क्रमिकरुपमा दायरा फराकिलो हुँदै गएको सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले बिहीबार सरकारको आधिकारिक पत्रकार सम्मेलनमा जानकारी दिइसक्नुभएको छ । सरकारले यही जेठ २८ कोभिड-१९ को महामारीजन्य विशेष परिस्थितिमा स्वास्थ्य मेशिनरी, औषधि र स्वास्थ्य सामग्री जतिसक्दो चाँडो खरिद गर्ने, रोकथामका लागि आवश्यक पर्ने आधुनिक पिसिआर मेशिन, उपकरण सामग्री शीघ्र आपूर्ती गर्ने र परीक्षणलाई व्यापक गराउने निर्णय पनि गरिसकेको छ।

यस्तै विभिन्न स्थानमा रहेको क्वारेन्टिन र आइसोलेसनलाई थप व्यवस्थित गर्ने र त्यहाँ रहेका सामग्रीलाई सुधार गरी सञ्चालन गर्ने निर्णय पनि सरकारले गरेको छ। यस्तो अवस्थामा प्रदर्शनको बाटो उपयुक्त नहुन सक्छ।

गृहमन्त्रालयले कोरोनाको कहरमा आम समुदाय र राज्य संयन्त्र ने एकबद्ध भएर अघि बढिरहेको सन्दर्भमा आदेश उल्लङ्घन गरेर भएका प्रदर्शन र भीडभाड गर्ने प्रवृत्ति नरोकिए सरकार कारवाही गर्न बाध्य हुने जनाइसकेको छ।

एक जना मनोविद् डा नरेन्द्रसिंह ठगुन्ना कतिपय अवस्थामा भीडको मनोविज्ञान तथ्यमा आधारित नहुन सक्ने बताउनुहुन्छ । त्यसो भन्दैमा सडकमा उठेका आवाज दबाउने काम राज्यले गर्न नहुने उहाँ तर्क छ। डा ठगुन्नाका अनुसार मानिस सडकमा निस्किनुमा धेरै कारण हुन्छन् । अहिलेको अवस्थामा लामो समयको बन्दाबन्दीले आयस्रोत नै गुम्ने खतरा हुँदा मानिसमा आर्थिक र मानसिक तनाव उत्पन्न हुन्छ । त्यसले बाध्याताबस सडकमा पुग्न सक्छन् र उक्त भीडलाई दुरुपयोग गर्ने समूह पनि निस्कने खतरा हुन्छ।

एक त सरकारले उनीहरुमा परेको आर्थिक तनावलाई सम्बोधन गर्ने प्रयास गर्नुपर्छ, अर्को यो समस्या विश्वव्यापी हो भन्ने कुरा बुझाउनुपर्छ, सामाजिक सचेतनामूलक सन्देश निरन्तर प्रवाह गराउनुपर्छ, तब भीड रोकिनसक्छ, मनोविद् डा ठगुन्ना भन्नुहुन्छ।

अहिलेको समय भनेको भौतिक दूरी कम गर्ने, सकेसम्म अरुसँगको सम्पर्कमा नजानु नै उत्तम हुन्छ । सरसफाइमा ध्यान दिने मास्क लगाउने, साबुनपानीले राम्ररी हात धुने, स्यानिटाइजर बोकेर हिँड्नलगायत आवश्यक तोकिएको स्वास्थ्य मापदण्ड अपनाउने बेला हो । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ मा कसैले पनि हेल्चेक्र्याइँ गर्न नहुने स्वास्थ्य मन्त्रालयका प्रवक्ता प्रा डा जागेश्वर गोतम बताउनुहुन्छ।

विश्वमा पहिलोपटक गत डिसेम्बर ३१ मा चीनको उहानमा कोभिड-१९ पुष्टि भएको थियो । त्यहीँबाट आएका नेपालीमा गएको माघ ९ गते सङ्क्रमण देखिएको थियो। अहिले विश्वका २१५ भन्दा बढी मुलुक कोरोनाबाट प्रत्यक्ष प्रभावित छन्। युरोप, अमेरिकासहित हाम्रै छिमेकी मुलुक भारतमा पनि जनधनको ठूलो क्षति भएको ज्वलन्त अवस्थामा त्यसबाट नेपालीले पाठ सिक्नुपर्ने स्वास्थ्य विज्ञको सुझाव छ ।कोभिड-१९ को असर विश्वव्यापीरुपमा आर्थिक र मानवीय त्रियाकपालमा प्रत्यक्ष देखिएको छ।

विश्वव्यापी समस्यालाई कुनै एक देशको मात्रै समस्या हो, एउटा सरकारले मात्रै निम्त्याएको समस्या हो भन्ने तर्कको सट्टा कसरी समस्यासँग जुध्ने, कसरी रोगको निदानमा सरकारलाई घच्घच्याउने र मासिनलाई रोगको सङ्क्रमणबाट बचाउने भन्नेतर्फ सबैको ध्यान जानुपर्ने आवश्यकता छ ।रासस

# पिसिआर परीक्षण गर्न २० निजी प्रयोगशाला इच्छुक

काठमाण्डु । कोरोना भाइरस (कोभिड-१९)को पिसिआर परीक्षणका लागि निजी क्षेत्रका २० प्रयोगशाला र अस्पतालले इच्छा देखाएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले परीक्षणका लागि इच्छुक निजी प्रयोगशालाले गत जेठ २२ गते सूचना प्रकाशित गरी सात दिनभित्र कोभिड-१९ परीक्षणका लागि इच्छुक दर्तावाला प्रयोगशालालाई आफूसँग भएको क्षमता खुलाई प्रस्ताव आह्वान गरेको थियो । बिहीबार जेठ २९ गतेभित्र प्रस्ताव आह्वानअनुसार सहकार्यलाई अगाडि बढाउने सन्दर्भमा थप छलफल गरी यथाशीघ्र मोलाडिटी तयार गर्ने भनेर निर्देशनसमेत दिएको थियो । अहिले मुलुकभरि २१ वटा प्रयोगशालाबाट पिसिआर प्रविधिबाट परीक्षण हुँदै आएको छ । प्रयोगशालाकी निर्देशक



प्रयोगशालालाई प्रस्ताव आह्वान गरेकामा ती मध्ये पिसिआर मेसिन भएका नौवटा प्रयोगशालाले आशयसहितको पत्र पठाएका प्रयोगशालाकी निर्देशक डा रुना झाले जानकारी दिनुभयो ।

प्रस्ताव पेश गरेका अन्य ११ प्रयोगशाला र अस्पताल पनि रहेका छन् । उनीहरूले आफूसँग अहिल्यै पिसिआर मेसिन नभए पनि परीक्षणको अनुमति पाए, एक महिनाभित्र पिसिआर मेसिन किन्ने र दुई महिनाभित्र परीक्षण शुरु गर्ने प्रस्ताव पेश गरेको प्रयोगशालाका सूचना अधिकारी राजेशकुमार गुप्ताले जानकारी दिनुभयो ।

प्रयोगशालाका निर्देशक डा झाका अनुसार नौ प्रयोगशालामध्ये तीन प्रयोगशालाले आफूसँग परीक्षणका लागि आवश्यक किटसमेत रहेकाले अहिले नै परीक्षण गर्न सक्ने जनाएका छन् भने अन्य ६ वटा प्रयोगशालाले परीक्षण गर्न पाउने भए आफूले किट खरिद गर्ने प्रस्तावमा पेश गरेको उहाँले बताउनुभयो ।

निजी प्रयोगशालाले प्रस्ताव पेश गरेका थिए । "हामीले प्रस्ताव गरेअनुसारको प्रयोगशालाले कोभिड-१९ परीक्षणका लागि इच्छुक देखाएका छन्" निर्देशक डा झाले भन्नुभयो, "हामीले प्रस्ताव हेरेर ती प्रयोगशालालाई चाँडै नै परीक्षणको अनुमति दिन्छौं ।"

प्रयोगशालामा प्रस्ताव पेश गरेका प्रयोगशालालाई परीक्षणको अनुमति दिएपछि कोभिड-१९ को परीक्षण गराउन चाहनेले सर्वसाधारणले आफैं शुल्क तिरेर परीक्षण गराउन सक्ने छन्। अहिले सरकार मातहतका प्रयोगशालाले मात्र निःशुल्क परीक्षण गरिरहेका छन्। कोभिड-१९ को परीक्षणको दायरा बढाउन मन्त्रालयले निजीलाई समेत कोभिड-१९ को पिसिआर विधिबाट परीक्षण दिने निर्णय गरेको थियो ।

प्रयोगशालालाई मन्त्रालयको स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रले यही जेठ २० गते कोभिड-१९ को परीक्षणको क्षमता बढाउन निजी क्षेत्रसँगको डा झाले मन्त्रालयले मापदण्ड बनाएपछि ती प्रयोगशालाले परीक्षण गर्ने अनुमति दिने बताउनुभयो ।

अहिलेसम्म दैनिक एक लाख १५ हजार ९३७ पिसिआर र एक लाख ७८ हजार १४३ जनाको आरडिटी परीक्षण गरिएको छ । दैनिक २१ वटा ठाउँबाट करिब पाँच हजार परीक्षण हुँदै आएको छ । बिहीबार पाँच हजार १९३ जनाको पिसिआर परीक्षण गरिएको थियो ।

उपत्यकामा जनस्वास्थ्य प्रयोगशालासहित शुक्रराज ट्रूपिकल तथा सरुवा रोग अस्पताल, वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट परीक्षण भइरहेको छ ।

मन्त्रालयका प्रवक्ता डा समिर कुमार अधिकारीले पिसिआर परीक्षणका लागि निजीलाई पनि दिइने सैद्धान्तिक निर्णय गरे तापनि के कसरी, कति शुल्कमा गर्ने भन्नेबारे मापदण्ड बनाइरहेको बताउनुभयो ।रासस

## नेपाल -इजरायल कोरोना परामर्श समिति गठन

काठमाण्डु। कोभिड-१९ को उपचारसम्बन्धी ज्ञान र अनुभव आदान प्रदान गर्न नेपाल-इजरायल कोरोना योजना (एनआइसीआई) गठन भएको छ। यही जेठ १३ गते इजरायलस्थित नेपाली राजदूतावासको संयोजनमा दुईदेशका चिकित्सकबीच नेपालमा बढ्दै गएको कोरोना सङ्क्रमण नियन्त्रण र न्यूनीकरणका लागि इजरायलले प्राप्त गरेका अनुभव र सफलताका विषय आदन-प्रदानका लागि भर्चुअल संवाद भएको थियो। संवादका आधारमा कोरानाको महामारीबाट उत्पन्न प्रभाव कम गर्न र आवश्यक मेडिकल व्यवस्थापनका लागि एनआइसीआई गठन भएको इजरायलका लागि नेपाली राजदूत डा अन्जान शाक्यले जानकारी दिनुभयो। दुवै देशका आ-आफ्ना विशेषज्ञसहितको समितिले उपचार र व्यवस्थापनबारे परामर्श गर्नेछन्। नेपाल पक्षको संयोजकमा काठमाडौं विश्वविद्यालयका डा विराज कर्माचार्य रहनुभएको छ।

राजदूत शाक्यले भन्नुभयो, "इजरायल कोरोना नियन्त्रणमा सफल देखिएको सन्दर्भमा अत्याधुनिक प्रविधि, ज्ञान र अनुभवबाट नेपाल लाभान्वित हुनसक्ने अपेक्षा हामीले लिएका छौं।" उहाँ अनुसार सो समितिमा नेपालका तर्फबाट स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंह, नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा भगवान् कोइराला, स्वास्थ्य सेवा विभागका निर्देशक तारानाथ पोखरेल, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाका प्रतिनिधि, स्वास्थ्य सेवा विभागकी निर्देशक रोशनी लक्ष्मी तुइतुइ, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा रुना झा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डा गुणनिधि शर्मा, शुक्रराज ट्रूपिकल तथा सरुवा रोग अस्पतालका डा अनुप बाँस्तोला, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक, भीमप्रसाद सापकोटा, नेपाल सशस्त्र प्रहरी अस्पतालका डा शैलेन्द्र श्रेष्ठ, नेपाल सैनिक अस्पतालका डा अरुण न्यौपाने र डा सुशील रावल, त्रिवि शिक्षण अस्पताल महाराजगञ्जका डा सन्तकुमार दास हुनुहुन्छ। रासस


## गणेशमान चारनाथ नगरपालीका

नगर कार्यपालिकाको कार्यालय

बिरेन्द्र बजार, धनुषा

प्रदेश नं. २, नेपाल

### नदी जन्य पदार्थ संकलन उत्खनन कार्यको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) कार्यगर्ने सम्बन्धि सार्वजनिक सुचना

प्रथम पटक प्रकाशित मितिः- २०७७।०२।३१

यस गणेशमान चारनाथ नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने चारनाथ खोला, कमलानदी, र वालुवा खोलाहरु वाट ढुङ्गा, गिट्टी, वालुवा, ग्रेभल लगायत नदि जन्य पदार्थहरु संकलन तथा उत्खनन् गर्ने कार्यलाई व्यवस्थित गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरी प्रतिवेदन तयार गर्ने सिलसिलामा उक्त प्रस्ताव कार्यान्वयन गर्दा प्रभावित क्षेत्रको भौतिक, रसायनिक, जैविक, सामाजिक, आर्थिक, साँस्कृतिक वातावरणहरु तथा यिनका अवयव र अन्तर सम्बन्धमा पर्ने प्रभावहरुको बारेमा जानकारी लिन वातावरण संरक्षण ऐन २०७६ तथा नियमावली २०७७ वमोजिम यो सुचना प्रकाशित गरिएको छ। अतःउक्त प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रभावहरुवारे यो सुचनाप्रकाशितभएको मितिले १५ दिन भित्र लिखित सुझाव र प्रतिक्रिया निम्न ठेगानामा आइपुग्ने गरी पठाइदिनुहुन उक्त प्रभावित क्षेत्रका वडा, विद्यालय, स्वास्थ्य चौकी, तथा संपूर्ण सरोकारवाला व्यक्ति, संघ संस्थाहरुमा अनुरोध छ।

| क्र.स | खोला | अध्ययन गरिने क्षेत्र | प्रभावित वडाहरु |
|---|---|---|---|
| १. | चारनाथ खोला | चारनाथ खोलाको वगर क्षेत्रहरु | गणेशमान चारनाथ नगरपालीका वार्ड नं १,३,४,५,६,७,८,९ र १० |
| २. | कमला नदी | कमला नदीका वर्ग क्षेत्रहरु | गणेशमान चारनाथ नगरपालीका वार्ड नं ५,६,७,८, र ९ |
| ३. | वालुवा खोला | वालुवा खोलाको वर्ग क्षेत्रहरु | गणेशमान चारनाथ नगरपालीका वार्ड नं १ र २ |

**राय सुझाव पठाउने ठेगाना:**

गणेशमान चारनाथ नगरपालीका

नगर कार्यपालिकाको कार्यालय

बिरेन्द्र बजार, धनुषा

प्रदेश नं. २, नेपाल

फोन :०४१४२७०२९

इमेलः- ganeshmancharnath@gmail.com

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरुले पठाईएको कविता/गजलहरु

## प्रयास

चोट संग जिन्दगीको हमला भए पछि
मुटुभित्र पिडै पिडाको तला भए पछि

खुसी खोज्न टाढा-टाढा जानू पर्दैन
यहीँ पाईन्छ खुसी हौसला भए पछि

उसलाई एउटा, प्रहार काफि हुनुपर्छ
यस्तो हुनुपर्छ यदि बदला भए पछि

चोटलाई पनि चोट दिन सकिने रहेछ
बस,यहाँ मुस्कुराउने कला भए पछ



लेखक : सुनिल कुमार मंडल
श्री उ मा वि प्रितपुर पर्वता ९ धनुषा
हाल : धनुषाधाम ५ पर्वता धनुषा

## एक पल्ट सम्झ

तिमी र म सधैँ स्कुल गाको समय सम्झ
फुल टिपीदिंदा मैले शिरमा लाको सम्झ

सँगै मर्ने भनी फुलपाती चढाएको सम्झ
मन्दिरमा दुबै जना कसम खाको सम्झ

प्यारो लाग्थ्यो सधैँ तिमी साथ हुँदा सम्झ
त्यो फुलवारीमा तिमी र म गाको सम्झ

तिमी र म सधैँ स्कुल गाको समय सम्झ
फुल टिपीदिंदा मैले शिरमा लाको सम्झ



लेखक : राम भरोस साह (राम साह)
ठेगाना : जनकनन्दनि गा.पा.-३, धनुषा
हाल : पुल्चौक-१६, जनकपुरधाम
अध्ययनरत : जानकी कलेज अफ मानेजमेन्ट (बिबिए)

## मतलबी

जिन्दामे किंयो नहि पुछैय यौ हाल खबर
आ मरलाक बाद त दुश्मनो नोर बहाबैय

जखन जरुरत छल त किंयो नहि मिलल
आ अखन सभ साथ भक अर्थी उठाबैय

सुखमे आनो अपन बनैय अहि जिनगीमे
आ दुखमे अपनो अपन औकात देखाबैय

डेग-डेगपर त अपनो सभ हमर साथ छोरैय
बनिक हित मित जिनगीमे आगि लगाबैय

पैसापर बेचैय लोक सभ अपन ईमान धर्म
तखने त अपन अपनके अस्तित्व मिटाबैय

कबर आ खबर अपने अपनके खोदैय तै
अपनके शरीर आ सपनाके अपने जराबैय



लेखक : दिनेश यादव
हाल : साउदी अरब

## सफलता

प्रयास गर्दै जानुस् सफल हुनसक्छ ।
एक बदमास पनि असल हुनसक्छ ॥

सङ्घर्ष बिनाको मानिस असल हुँदैन,
असल बिनाको मानिस सफल हुँदैन।

जीवनमा केही गर्ने लक्ष्य बनाउनुहोस्,
अनि लक्ष्यको पछाडि नै दौड्नुहोस्।

सोच राखौँ की लक्ष्य प्राप्त हुन्छ नै हुन्छ,
अन्त्यमा गए त्यो आफ्नै हातमा हुन्छ।

सोच राखेको अनुसार मेहनत पनि गर्नुपर्छ,
अनि मेहनत अनुसारको फल पनि आउँछ।

लक्ष्य सानो होस् या ठूलो,
मेहनत त एकै गर्नुपर्छ ।



लेखक : विवेक साह
ठेगाना : जनकपुरधाम, पुल्चोक
अध्यनरत: मिथिला मन्टेसरी स्कूल, कक्षा ९

## गजल

पथर ना रहे दिल हमार मोम जइसन रहे ।
तुही रलु दिल मे हमरा केहु ओर ना रहे ॥
पथर ना रहे दिल हमार मोम जइसन रहे ॥।
तोहरे तस्विर लगइनी दिल मे तोहरे नाम लिखनी हम ।
सक करबु हमरा पे तु इ आशा ना रहे ॥
पथर ना रहे दिल हमार मोम जइसन रहे ॥।

काहे दुर गइलु हमसे, नाता तोड देलु ।
पाका रहे प्यार हमार काचा ना रहे ॥
पथर ना रहे दिल हमार मोम जइसन रहे ॥।
बुझलु ना दिलके टुक्रा देलु प्यार हमार ।
सँचा रहे प्यार हमार तोहरा भरोसा ना रहे ॥
पथर ना रहे दिल हमार मोम जइसन रहे ॥।

तोहके भगवान मन्नी तोहर पुजा कइनी हम ।
साथ छोड देबु तु अदेश राजा सोचले ना रहे ॥
पथर ना रहे दिल हमार मोम जइसन रहे ॥।



लेखक :- R अदेश राजा
ठेगाना :- माहानगरपालिका विरगञ्ज - ३१,
परवानीपुर, पर्सा, नेपाल

## गजल

मूल सडकमा लास, जिउँदै थपियो
सद्दे मन च्याती टालो, सीउँदै थपियो

खरानीमा रम्नेलाई, मृत्युको के चिन्ता
भट्टीमा एक गिलास, पिउँदै थपियो

मिलेर नै देशलाई, टुक्रा पार्ने भन्दै
बिना सर्त भन्ने शर्त, मिहुँ भै थपियो

नपुंसक सरकार हो, सन्यासीको यो
आममाफी अन्तरंग, घिउ भै थपियो

लडे पनि ब्वासहरु , हाम्रै बाली नास
जाती नारा जन बीच , बिउ भै थपियो

मूल सडकमा लास, जिउँदै थपियो
सद्दे मन च्याती टालो, सीउँदै थपियो ॥



लेखक : आमिन राईन
औरही गा.पा.१ भिटकहिया धनुषा

यो महामारीमा पनि अगाडि भ्रष्टाचार आउछ
त्यसपछि जन्तालाई लुटने यो सरकार आउछ

भोकले मर्दै छ जन्ताहरु ते पनि कर चाहियो
प्रजातन्त्रमा दिन्हु जन्ता मर्ने समाचार आउछ

देश बेची लुटी खाने नेतालाई लागोस कोरोना
मेरो मनमा त पटक-पटक यहि विचार आउछ

नेता त ठुलो-ठुलो भाषन गर्छ सांसदमा बसि
लाग्देन अब जीवनमा खुसीको संसार आउछ

जब सम्म बाउको घर सम्झी देशमा राज गर्छ
तब सम्म लाग्देन देशमा केही सुधार आउछ



लेखक : बलराम गुप्ता
जनकपुरधाम

आमक भक्का दाइ हाथक
लागे चहटगर छे कसोभी आमिल
आँखिमे नोर रुचि बढत

आमक चोभा हावा बिहारि
सँग सखी बहिना ढोलल डारिपात
बिभोर पल खसल आम



लेखक : सुधा मिश्र
घर : जनकपुरधाम

आइ नै सक्यो त नदेखे भै गर्न सक्दैन।
हात जोडेर स्वागत गर्छु तिमिलाइ।
हात मिलाउन सकिन्न म

परम्परा छ हाम्रो पाहुना लाई सत्कार गर्ने ।
तेसै ले नदेखे भै गर्न सक्दैन म
हात जोडेर स्वागत गर्छु तिमिलाइ।
हात मिलाउन सक्दैन म

तिमी के आयौ सुन्दर देश मा सनाटा छायो।
जस्तो कि कालो बादल हुन्डी बेरि भै आयो।
तै पनि हामी बिर नेपाली डराउदैनौ तिमी सङ्ग
किन कि आयुर्वेद पद्धति सब नेपाल मे छन्।

तिमी सङ्ग युद्ध गर्न हर सम्भव प्रयास छ जारी
तिमिले त फैलाइ सक्यो सम्पुर्ण आफ्नो जाल।
आयो आब युद्ध हार्ने कोरोना तिम्रो पालो
निकाले र फाल्छौ जारा देखि नै यो देश बाट हामी।

जस्तो कि तिमी नेपाल कहिले आके थिएनौ।
डा'क्टर को मेहनत ले निर्भय भएर बस्छन
यहा का हर एक एक देश का नागरिक,
जस्तो कि उनीहरु कहिले डराएकै थिएन ।

डा'क्टर को मेहनत, समर्पण, र तपाईँ हरु को
हौसला लाई दिल देखि लाखौ लाख सलाम गर्छु।
जो जतिसुकै गरून् अपमान तपाईँहरु लाई
तर यो दुखद घडीमा तपाईको मेहनत लाई
सत सत नमन प्रणाम गर्दछु।

मेरो देश माथि आएर ए कोरोना आँखा तिमी ले लगायो।
याहा त पहिले देखी नै थियो दुरि एक आपस मा धेरै ।
कोरोना तिमी के आयौ अझै हाम्रो दुरि बढाइ दियो
डराउन थालेछ मान्छे मान्छे मा अन्जानो लगाउन लाई।

आफ्नै देश जान न पाउने रे परदेश मे बिमारी छ लाखौ
नेपाल युवा मरेको लास नि लान न पाउने कस्तो बिड्मबना।
यो भन्दा धेरै खराप दृश्य यो आँखा को लागि अरु के हुन्छ र
भगाएरै छार छौ याहा बाट जस्तो कि न याहा थियो न हुने छौ

जो जाहा छ बहि बसेका छ न कोइ कतै जान्छ न आउँछ
तिम्रो कारन कति दुख पीडा मा छ सम्पुर्ण मानव जाती
कती मानव जाती को जिन्दगी खोस्यो तिमिले
कति जना को घर परिवार बर्बाद पार्यो तिमिले

कति चहलपहल हुन्थ्यो चारै तिर अहिले
चारै तिर तोम्रो कारण ले छ सुन सान भाको ।

हे ईश्वर हे माता जानकी यो दुख बाट बचाउनुस संसार लाई।
जसरि निवारण गर्नु हुन्छ कष्ट का तेसरी नास गरिदिनुस यो
कोरोना रुपि महामारी लाई सम्पुर्ण मानिस को प्रतिरक्षा को
शक्ति बढाइ दिनुस हजुर वाइरस को हमला भन्दा पहिले,नै
वाइरस लाई नै जरादेखी उखालेर फालिदिनुस माता जानकी ।



लेखक : राम बाबु यादव
धानुषाधाम ०६ ,हाल दोहा कतार

## सरकार

पाँच हजार भन्दा बढी लाइ कोरोना लाग्यो ।
अब कसरी नियन्त्रण गर्छौ सरकार ?
देशमा रहेको अस्पताल अस्त ब्यस्त छ ।

कसरी नयाँ अस्पताल बनाउने कुरा गर्यौ सरकार ?
हाल सम्म दस अर्ब खर्चा कोरोनामा खर्च भयो रे ।
तर त्यो खर्च काहा भयो सरकार ?

एक करोड को कार्पेट राष्ट्रपति कार्यालयमा फेरिदै छ ।
यो कोरोना कालमा किन हो र सरकार ?
कार्पेट फेर्ने सरकार संग पैसा छ ।

तर विदेश बाट नेपाल फर्कने लाई किन लुटदै छौ सरकार ?
नेपाल फर्कनेहरु दोब्बर तेब्बर पैसा तिर्न बाध्य छ ।
अनि दस अर्ब को के गर्यौ सरकार ?

विदेश बाट नेपाली स्वदेश फर्किदै छ ।
कसरी ब्यवस्थापन गर्छौ सरकार ?
कोरोनाले १५ जनाले ज्यान गुमाए ।

कोरोना बाट नमरेको भन्दै पिठ थपथपाउन मिल्दैन सरकार ?
कोरोनाले गर्दा एसईई नलिने निर्णय गर्यो ।
तर ११ र १२ को विद्यार्थीहरु लाई कोरोना लाग्दैन सरकार ?



लेखक : आशिष मिश्रा आर्यण
ठेगाना : भराख

## मंगलसुत्र

जै डोरीके बन्हन पेन्हली
हम पवीत्र माइन क
ब्याह डोरी आई साँप बैन
हमरा घोटलक घेट छाइन क ॥

सुईंदभरना पर खेत लगा
हमरा ल्या कीनलगेल डोरी
बेटी ओभरेती ब्रम्हफाँसमे
से बाबूने बुझलके ढकफेरी
तामस निकाले छै बाबू
आब घरेमे कुईद फाइन क ॥

सेनुर हमर सतरंगी भेल
जहिमे हमर कोनो नैहि रंग
दारू पी मदमस्त तरंगमे
रसिया अपने रंग
कलेप कलेप क गोर लगलिये
मंगलसूत्रके किरिया खियौलिये

जहि माँगमे सेनुर देनेछल
वही स खुनक धार देखलियै
जै हाथे मंगलसूत्र पेन्हेलक
ओहि हाथे मूँहमे कप्पा कोंचलक
बरेड्रीमे देलक टाईंगक
मंगलसूत्र तेकते रहीगेल
विधनाके लिखल माइन क ..



रचना : राजेश सक्सेना

## चिन्ता

आज मलाई
तिम्रो चिन्ता बेस्सरी सताई रहेछ
हो त्यही मौसम छ
त्यही महीना छ

जब आकाशमा बिजुली चमकीदा ,
बरसातमा बादल गर्जिदा
तिमी एक्कासी डराएर
मेरो छातीमा आएर टासीनथियौ

र
म तिमीलाई आफ्नो हातले पीठ सहलाउदै
अस्वाशन दिनथें
नडराऊ प्रिये
म छू नी ।

आज हामी दुई बीचको दूरी
गरीबी को कारण ,
दुई छाक टार्नको निम्ति
रोजगार बिहीन देशको कारण
म भासिये मरुभूमि ,
रेगिस्तानी देश

तिमीलाई एक्लै छाडि
हो त्यही भएर चिन्ता हुन्छ
मलाई तिम्रो
हर समय
हर पल
मेरो अनुपस्थितिमा
कसरी समहालछौ तिमी आफुलाई ?



लेखक : अशरफ राईन
सिनुरजोडा ,धनुषा
हाल : दोहा कतार

## 'प्रेमगीत ३' को रिलिज आउँदो नयाँ वर्षमा

काठमाण्डु । कोरोना भाइरसबाट बच्न सरकारले लकडाउनको घोषणा गरेपछि थुप्रै फिल्मको प्रदर्शन अनिश्चितकालका लागि रोकिएको छ । प्रचार(प्रसार समेत गरिसकेका फिल्मको प्रदर्शन रोकिँदा निर्मातालाई लाखौं क्षति भएको छ । अझै फिल्म प्रदर्शनको वातावरण कहिले बन्छ, टुंगो छैन । सरकारले लकडाउन खुलाए पनि ६ महिनासम्म हलमा नयाँ फिल्म प्रदर्शन हुने सम्भावना न्यून छ ।

लकडाउन खुलेको ६ महिनासम्म हलमा फिल्म प्रदर्शन गर्ने वातावरण नहुने देखेपछि निर्माता सन्तोष सेनले फिल्म 'प्रेमगीत ३' को प्रदर्शन आगामी नयाँ वर्षमा गर्ने सोच बनाएका छन्। फिल्मको एक महिनामा पोष्ट प्रोडक्सनको सम्पूर्ण काम सकिने जानकारी दिँदै उनले यो भयावह स्थिति तत्काल सामान्य भए आगामी दशैं नभए २०७८ सालको नयाँ वर्षमा फिल्म प्रदर्शन गर्ने बताए। हाल गृहजिल्ला पोखरामा रहेका उनले फोनवार्तामा भने( 'सरकारले तीन चरणमा लकडाउन खोल्ने भन्ने सुनेको छु। लकडाउन खुले पनि ६ महिनासम्म हलमा फिल्म प्रदर्शन गर्ने वातावरण बन्छ जस्तो मलाई लाग्दैन। तत्काल स्थिति सामान्य भए दशैंमा फिल्म रिलिज गर्छौं । तर, यो हुने सम्भावना न्यून छ। दशैंमा भएन भने आउँदो नयाँ वर्ष (वैशाख) मा फिल्म प्रदर्शन गर्छौं ।'

फिल्मीखबर

# निकासी प्रवर्द्धन गर्न नयाँ कानून ल्याइँदै

काठमाण्डु । सरकारले स्वदेशी श्रम तथा सीप र कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तुको निकासी प्रोत्साहन गर्ने लक्ष्यका साथ नयाँ कानून प्रस्ताव गरेको छ। सङ्घीय संसद् सचिवालयमा दर्ता भई हाल सांसदहरूलाई वितरण गरिएको 'निकासी पैठार 'सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक'मा व्यापार घाटा घटाउने लक्ष्यका साथ निकासीलाई विशेष प्राथमिकतामा राखिएको छ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले संसद्मा पेश गरेको सो विधेयकलाई 'निकासी पैठारी (नियमन) ऐन, २०७६' नाम दिइएको छ।

स्वदेशी सीप र कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तु वा त्यस्तो वस्तुसँग सम्बद्ध सेवाको निकासीलाई प्रोत्साहन गर्न सरकारले त्यस्ता वस्तु वा सेवाको निकासीमा विशेष सुविधा तथा सहुलियत प्रदान गर्ने विषयलाई प्रस्तावित विधेयकले प्रमुख प्राथमिकतामा राखेको छ।

सरकारले प्रदान गर्ने सुविधा वा सहुलियतसम्बन्धी व्यवस्था भने नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिम हुने प्रबन्ध गरिएको छ।

नेपालमा उत्पादन भएका वस्तु स्थानीय बजारबाट खरिद, सङ्कलन, प्रशोधन वा प्याकेजिङ गरी निकासी गर्ने प्रयोजनका लागि सरकारले निर्यात गृह स्थापना गर्न वा गराउन सक्ने व्यवस्थासमेत विधेयकमा गरिएको छ।

निकासी हुने वस्तुको सरकारले उत्पत्तिको प्रमाणपत्र जारी गर्नेछ। मन्त्रालय मातहतको कुनै निकाय वा प्रचलित कानूनबमोजिम स्थापित संस्थाले उत्पत्तिको प्रमाणपत्र जारी गर्न सक्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था विधेयकमा छ।

विधेयकले निकासी प्रवर्द्धन कोष स्थापना गर्ने व्यवस्था गरेको छ। निकासी प्रोत्साहन एवं प्रवर्द्धन गर्न स्थापना हुने कोषले आवश्यकताअनुसार रकमसमेत उपलब्ध गराउने र कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ।

विधेयकले निकासी वा पैठारीमा केही वस्तुमा भने रोक लगाउन सक्ने प्रबन्ध गरिएको छ। त्यसमा लोपोन्मुख जीवजन्तु, पशुपक्षी, वनस्पति तथा प्राकृतिक स्रोत, कालात्मक ऐतिहासिक, पुरातात्विक वा सांस्कृतिक महत्वका वस्तु एवं सम्पदा रहेका छन्।

विदेशी व्यक्तिबाट कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ प्राप्त गरी कुनै वस्तुको आंशिक वा पूर्णरूपमा निर्माण, उत्पादन, प्रशोधन वा डिजाइनमा परिवर्तन गरी तयार भएको वस्तु पुनः सोही विदेशी व्यक्तिलाई वा त्यस्तो व्यक्तिले तोकेको अन्य व्यक्तिलाई तोकिएबमोजिम प्रक्रिया पूरा गरी निकासी गर्न सक्ने व्यवस्था गरिएको छ।

निकासी गर्दा नेपाल तथा सम्बन्धित मुलुकबीच व्यापारसम्बन्धी सम्झौता भएको त्यस्तो सम्झौताको प्रतिकूल नहुने गरी निकासी गर्नुपर्ने छ।

*उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले संसद्मा पेश गरेको सो विधेयकलाई 'निकासी पैठारी (नियमन) ऐन, २०७६' नाम दिइएको छ। स्वदेशी सीप र कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तु वा त्यस्तो वस्तुसँग सम्बद्ध सेवाको निकासीलाई प्रोत्साहन गर्न सरकारले त्यस्ता वस्तु वा सेवाको निकासीमा विशेष सुविधा तथा सहुलियत प्रदान गर्ने विषयलाई प्रस्तावित विधेयकले प्रमुख प्राथमिकतामा राखेको छ। सरकारले प्रदान गर्ने सुविधा वा सहुलियतसम्बन्धी व्यवस्था भने नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिम हुने प्रबन्ध गरिएको छ।*

विधेयकमा कुनै मुलुकबाट पैठारी गरिएको वस्तु नेपालको कुनै भन्सार क्षेत्र वा सुक्खा बन्दरगाहमा राखी अर्को मुलुकमा तोकिएको अवधिभित्र निकासी गर्न सकिने छ।

सङ्केत नम्बर नदिई कुनै पनि वस्तुको निकासी गरेमा, इजाजत नलिई वगा बन्देज लगाइएको वा नियन्त्रणमा गरिएको वस्तु वा सेवाका निकासी गरेमा कारवाही हुने व्यवस्था विधेयकमा गरिएको छ।

विधेयकले रु १० लाखदेखि रु एक करोडसम्मको कारवाही एवं एक वर्षदेखि पाँचसम्म कैद हुन सक्ने प्रबन्ध गरेको छ। गलत विवरण पेश गरी इजाजतपत्र नलिई निकासी गरेको पाइएमा सम्बन्धित अधिकारीले कैद तथा जरिवाना गर्न सक्ने व्यवस्था विधेयकले गरेको छ।रासस

# आयुर्वेद तथा वैकल्पिक चिकित्सा विकास कार्यदल गठन

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आयुर्वेद क्षेत्रको विकास तथा कोरोना रोकथाम र उपचारमा खोज अनुसन्धानका लागि उपयुक्त नीतिगत सुझाव तयार गर्न 'बृहत् आयुर्वेद तथा वैकल्पिक चिकित्सा विकास कार्यदल' गठन गरेको छ।

मन्त्रालयका सहसचिव डा गुणराज लोहनीको संयोजकत्वमा गठित १३ सदस्यीय कार्यदलले यस क्षेत्रको प्राथमिकता र सम्भावनाका बारेमा अध्ययन गरी सुझाव दिनेछ । स्वास्थ्यमन्त्री भानुभक्त ढकालको निर्णयबाट सो कार्यदल गठन गरिएको हो । प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकको आयुर्वेद र जडीबुटीको सम्भावना र उपयोगलाई उजिल्याउन आग्रह गर्दै आउनुभएका बेला मन्त्रालयले यो कार्यदल गठन गरेको हो।

कार्यदलमा विशेष सदस्यमा प्रा डा देवबहादुर रोक्का, मन्त्रालयका जनस्वास्थ्य विज्ञ डा खेमबहादुर कार्की, सदस्यहरूमा मन्त्रालयका डा रुपेन्द्र पुरी, आयुर्वेद विभागका महानिर्देशक डा वासुदेव उपाध्याय, औषधि व्यवस्था विभागका प्रमुख डा सन्तोष ठाकुर, आयुर्वेद क्याम्पसका प्रमुख डा शिव मङ्गल, सिंहदरबार वैद्यखाना विकास समितिका प्रबन्ध निर्देशक डा वंशदीप शर्मा खरेल, नरदेवी आयुर्वेदिक केन्द्रीय अस्पतालका प्रमुख डा प्रदीप केसी, आयुर्वेद चिकित्सा अस्पतालका कार्यकारी निर्देशक डा राजकिशोर साह हुनुहुन्छ।

यसैगरी राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रका कार्यकारी निर्देशक रामआधार यादव, आयुर्वेद चिकित्सक सङ्घका डा प्रकाश ज्ञवाली र सदस्यसचिवमा मन्त्रालयका आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखाका प्रमुख डा बाबुराजा अमात्य रहनुभएको छ।रासस

# क्यानाडा र बेलायतका विदेशमन्त्रीसँग मन्त्री ज्ञवालीको वार्ता

काठमाण्डु । परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले क्यानाडाका विदेशमन्त्री फ्रान्कोइस फिलिप चाम्पाने र बेलायतका विदेश राज्यमन्त्री लर्ड अहमदसँग बेग्लाबेग्लै टेलिफोन वार्ता गर्नुभएको छ।

वार्तामा मन्त्रीत्रयबीच कोभिड-१९ को महामारी तथा त्यसको नियन्त्रणका लागि आफ्नो देशका सरकारले निर्वाह गरेका भूमिकाबारे विचारविमर्श हुनुका साथै अहिलेको कठिन परिस्थितिमा सहकार्य र साझेदारीमा उहाँहरूले जोड दिनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

वार्ताका क्रममा नेपालमा रहेका क्यानडाली र बेलायती नागरिक तथा बेलायत र क्यानाडामा रहेका नेपालीलाई सहयोग गर्ने र उनीहरूको सुरक्षा सुनिश्चित गर्ने तत्परता उहाँहरूले व्यक्त गर्नुभयो।

कोभिड-१९ विरुद्ध आ-आफ्ना सरकारले चालेका कदमप्रति उहाँहरूले ऐक्यबद्धता



जनाउनु भएको, सङ्क्रमितहरूको शीघ्र स्वास्थ्यलाभ तथा ज्यान गुमाएकाहरूका परिवारजनमा सहानुभूति र समवेदन प्रकट गर्नुभयो।

कोभिड-१९ लाई परास्त गर्न विश्वव्यापी एकता, सहयोग र साझेदारीमा पनि उहाँहरूले जोड दिनुभयो । उहाँहरूले द्विपक्षीय, क्षेत्रीय विश्वव्यापी साझा चासोका विषयहरूमा सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । वार्ताका क्रममा विकासशील देशहरूका विकासका कार्यसूची, जलवायु परिवर्तन र बहुपक्षीयताजस्ता विषयमा नेपालसँग साझेदारी गर्ने आश्वासन क्यानाडाका विदेशमन्त्रीले दिनुभएको र बेलायतका विदेशराज्यमन्त्रीले महामारीपछिको नेपालको आर्थिक पुनरुत्थानमा सहयोग गर्ने दृढता व्यक्त गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ।रासस

# गण्डकी प्रदेश : सङ्क्रमित बढेसँगै परीक्षणको क्षमता थपिँदै

पोखरा। गण्डकी प्रदेशका नौ जिल्लामा कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण बढेसँगै प्रदेश सरकारले यसलाई थप विस्तार हुन नदिन उच्च सतर्कता अपनाएको छ। यसका लागि यस सरकारले अस्पतालहरूको क्षमता बढाउन शुरु गरेको छ र कोरोना भाइरसको परीक्षणको दायरा पनि बढाएको जनाएको छ।

गण्डकी प्रदेशमा हिमालपारिका दुई जिल्ला मनाङ र मुस्ताङबाहेकका जिल्लामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भइसकेको छ। दैनिक सङ्क्रमित थपिएसँगै सरकारले उपचारलाई प्राथमिकतामा राखेर जिल्लास्थित अस्पतालमा आइसोलेशन कक्ष र आइसियु शय्या वृद्धि गर्ने कार्यक्रम अघि सारेको छ।

त्यसैगरी भारतलगायतका मुलुकबाट आएर क्वारेन्टिनमा रहेका सबैको परीक्षण गर्ने लक्ष्यअनुसार सरकारले स्वाब सङ्कलन र प्रयोगशालाको हालको क्षमता बढाउन थप पिसिआर मेसिन खरिद प्रक्रिया अघि बढाएको छ।

आगामी साउनसम्म गण्डकीमा विदेशबाट ३० हजारभन्दा बढी नागरिक भित्रिने जिल्लास्थित आँकडाअनुसार सरकारले क्वारेन्टिन, आइसोलेशन र परीक्षणको दायरालाई बढाउने योजना बनाएको हो । हाल बिहान ६:०० देखि राति १२:०० बजेसम्म दैनिक २५० जनाको पिसिआर विधिबाट परीक्षण गरिँदै आएकामा मेसिन थप गरिएपछि ७०० जनासम्मको परीक्षण हुनेछ।

क्वारेन्टिनमा सङ्कलन गरिएको स्वाबको नतिजाका लागि प्रयोगशालामा लामो समय लाग्ने बाध्यता अन्त्यका लागि चौबीसै घण्टा प्रयोगशालाको सेवा सञ्चालनको तयारी भइरहेको प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक एवं प्रदेशका कोरोना रोकथाम व्यवस्थापन तथा नियन्त्रणका लागि गठित उच्चस्तरीय निर्देशक समितिका प्रवक्ता डा विनोदविन्दु शर्माले जानकारी दिनुभयो।


"भारतलगायतका देशबाट आएकाको व्यवस्थापनका लागि जनप्रतिनिधिहरू चौबीसै घण्टा क्वारेन्टिन व्यवस्थापनमा खटिइरहनुभएको छ, सङ्कलित स्वाबको समयमै हामीले नतिजा दिन सकेमा उहाँहरूलाई समेत सहज हुन्छ", निर्देशक शर्माले भन्नुभयो, "थप उपकरण र जनशक्तिको परिचालन गरी छिटोभन्दा छिटो परीक्षण नतिजा उपलब्ध गराउने योजनामा छौँ।"

हाल पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको प्रयोगशालामा मात्र कोरोना परीक्षण गरिँदै आएकामा सरकारले गण्डकी प्रदेश क्षयरोग केन्द्रमा थप प्रयोगशाला स्थापनाका लागि आवश्यक उपकरणको व्यवस्था भएकाले छिट्टै दुई ठाउँबाट सेवा शुरु हुने जनाएको छ।

प्रदेशका विभिन्न ७०४ स्थानमा बनेका क्वारेन्टिनमा नौ हजार ५३० जना क्षमता रहेकामा हाल पाँच हजार ९३ जना बसेका छन्। सम्बन्धित जिल्लाका स्थानीय तहमा रहेका क्वारेन्टिनमा पुगेर उनीहरूको स्वाब सङ्कलन गर्ने गरिएको छ।

गण्डकीमा गत चैत १५ गते बागलुङका एक १९ वर्षीया किशोरीमा पहिलोपटक सङ्क्रमण फेला परेको थियो । हालसम्म १९२ जनामा सङ्क्रमण पुष्टि भइसकेको छ । आजमात्रै ४१ जना थपिनुका साथै ११ जनाले कोरोनालाई पराजित गरेर घर फर्किएका छन्। प्रदेशमा कोरोना भाइरसको कारणले एकजना पुरुषको मृत्यु भएको छ।

प्रदेशमा आजसम्म स्याङ्जामा ६०, बागलुङमा ४०, नवलपरासी बर्दघाट सुस्ता पूर्वमा ४२, गोर्खामा १५, पर्वतमा २२, कास्कीमा पाँच, तनहुँमा चार, म्याग्दीमा





*गण्डकी प्रदेशमा हिमालपारिका दुई जिल्ला मनाङ र मुस्ताङबाहेकका जिल्लामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भइसकेको छ। दैनिक सङ्क्रमित थपिएसँगै सरकारले उपचारलाई प्राथमिकतामा राखेर जिल्लास्थित अस्पतालमा आइसोलेशन कक्ष र आइसियु शय्या वृद्धि गर्ने कार्यक्रम अघि सारेको छ । त्यसैगरी भारतलगायतका मुलुकबाट आएर क्वारेन्टिनमा रहेका सबैको परीक्षण गर्ने लक्ष्यअनुसार सरकारले स्वाब सङ्कलन र प्रयोगशालाको हालको क्षमता बढाउन थप पिसिआर मेसिन खरिद प्रक्रिया अघि बढाएको छ। आगामी साउनसम्म गण्डकीमा विदेशबाट ३० हजारभन्दा बढी नागरिक भित्रिने जिल्लास्थित आँकडाअनुसार सरकारले क्वारेन्टिन, आइसोलेशन र परीक्षणको दायरालाई बढाउने योजना बनाएको हो।*

तीन तथा लमजुङमा एकजनामा सङ्क्रमण पुष्टि भएको छ । गण्डकीमा हालसम्म ६ हजार ८५२ जनाको पिसिआर परीक्षणका लागि नमूना सङ्कलन गरिएकामा एक हजार ६३० जनाको नतिजा आउन बाँकी छ। परीक्षण गरिएकामध्ये पाँच हजार ३४ जनाको नतिजा नेगेटिभ छ।

स्याङ्जा, बागलुङ र नवलपरासी सुस्ता पूर्वमा सङ्क्रमितको सङ्ख्या बढी छ। बागलुङलगायतका जिल्लामा अहिले आइसोलेशन कक्ष भरिएका छन्। प्रदेशमा कोभिड-१९ को सङ्क्रमण रोक्न आह्वान गरिएको बन्दाबन्दीको शुरुआतमा विभिन्न अस्पतालमा गरी १११ आइसोलेशन कक्ष तयार गरिएकामा हाल सबै जिल्लामा यस्ता कक्षहरू विस्तार गरिएको छ।

पछिल्लो समय सङ्क्रमित र सीमा नाकाबाट प्रदेशमा भित्रिनेको सङ्ख्या बढेपछि बिरामीको उपचारका लागि आइसोलेशन कक्ष विस्तार गरिएको छ। जटिल र गम्भीर स्वास्थ्य अवस्थाका बिरामीलाई लक्ष्य गरी सबै जिल्लामा आइसियु कक्ष तयार गर्ने कामसमेत भइरहेको छ।

प्रदेशमा सङ्क्रामक तथा सरुवा रोगको उपचारका लागि नेपाल सरकारसँगको सहकार्यमा लेखनाथ सामुदायिक लायन्स अस्पताललाई सङ्क्रामक रोग उपचार अस्पतालका रूपमा विकास गर्न सरकारले प्रक्रिया अघि बढाएको छ । सो अस्पताललाई प्रदेश सरकार मातहतमा ल्याएर सरुवा रोग अस्पताल बनाउन गठन गरिएको कार्यदलले मुख्यमन्त्रीलाई प्रतिवेदन बुझाएकाले छिट्टै आवश्यक प्रक्रिया शुरु हुने सरकारको भनाइ छ।

निर्देशक शर्माले सङ्क्रमित बढेसँगै नवलपरासी, बागलुङ, तनहुँ तथा स्याङ्जा जिल्लास्थित अस्पतालको आइसोलेशन क्षमता विस्तार गरिएको बताउनुभयो । स्याङ्जाको भिरकोट हेलुस्थित कालिका सामुदायिक अस्पताललाई कोभिड अस्पतालका रूपमा विकास गरिएको छ। सो अस्पतालमा ८० शय्याको आइसोलेशन विस्तार गरिने निर्देशक शर्माले जानकारी दिनुभयो । त्यसैगरी स्याङ्जास्थित जिल्ला अस्पतालमा समेत आइसोलेशन शय्या थप गरिएको छ।

उहाँका अनुसार तनहुँस्थित जिपी कोइराला श्वासप्रश्वास अस्पतालमा यसअघि २७ आइसोलेशन शय्या रहेकामा २३ थप गरी ५० पुऱ्याइएको र नवलपुरस्थित रजहर सामुदायिक प्राकृतिक शिक्षालयको क्षमता वृद्धि गरी १०० पुऱ्याइएको छ । अन्य जिल्लामा समेत आवश्यकताअनुसार आइसोलेशन उपचार कक्ष निर्माण शुरु गरिएको छ।

जटिल अवस्थाका बिरामीलाई लक्षित गरी ११ वटै जिल्लाका सरकारी अस्पतालमा दुईदेखि पाँच शय्या क्षमताका आइसियु कक्ष निर्माणका लागि सरकारले रु १४ करोड बजेट निकासा गरेर हाल काम भइरहेको छ। मनाङ र मुस्ताङमा दुई/दुई र अन्य जिल्लामा पाँच/पाँच वटा आइसियु कक्ष निर्माण शुरु गरिएको हो।

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले मानव अस्तित्वमाथिको चुनौतीका रूपमा खडा भएको कोरोना भाइरस रोगबाट जनतालाई बचाउन सरकारले परीक्षण दायरा वृद्धि गर्ने, क्वारेन्टिन व्यवस्थापन, आइसोलेशन शय्या विस्तार तथा अस्पतालमा आइसियु तथा भेन्टिलेटर सुविधा थप गर्दै गएको बताउनुभयो।

अझै पनि आवश्यक स्वास्थ्य सामग्रीको अभावका कारणबाट परीक्षण क्षमता वृद्धि गर्न र चाँडो नतिजा दिन नसकिएको बताउँदै उहाँले आवश्यक सामग्रीको उपलब्धता र दैनिक एक हजारदेखि एक हजार ५०० जना परीक्षण क्षमताको स्वचालित मेसिन सङ्घीय सरकारसँग माग गरिएको जानकारी दिनुभयो।

भारतलगायत मुलुकबाट प्रदेशमा भित्रिने सबैको पिसिआर परीक्षण गर्ने योजनामा सरकार रहेको बताउँदै उहाँले प्रयोगशालाको क्षमता वृद्धि गर्न थप एउटा मेसिन खरिद गर्न लागिएको जानकारी दिनुभयो । प्रदेशमा हाल दुईवटा पिसिआर मेसिनबाट कोराना परीक्षण हुँदै आएको छ । प्रदेशका अन्य स्थानीय तहले समेत साझेदारीमा पिसिआर मेसिन खरिद प्रक्रिया अघि बढाएका छन् । स्वाब सङ्कलनको नतिजा आउन ढिलाइ हुने गरेकाले जिल्लामा नै परीक्षण उपकरण खरिद गर्ने योजना स्थानीय तहको छ।

"पछिल्लो समय प्रदेशमा सङ्क्रमण तीव्ररूपमा बढेसँगै हामीले परीक्षणको दायरालाई समेत फराकिलो बनाएका छौँ", मुख्मन्त्री गुरुङले भन्नुभयो, "परीक्षण क्षमता बढाउन केही दिनभित्रमा नै थप एक थान पिसिआर मेसिन ल्याउने प्रक्रिया शुरु गरेका छौँ भने जिल्ला अस्पतालमा आइसोलेशन र आइसियु शय्या आवश्यकतानुसार थप्ने काम भइरहेको छ।"

कोरोनालाई परास्त गर्दै प्रदेशवासीको जीवन रक्षा गर्नु सरकारको पहिलो प्राथमिकता भएको बताउँदै मुख्यमन्त्री गुरुङले सिथिल अर्थतन्त्रलाई चलायमान बनाउनु वर्तमानको चुनौती भएकाले सरकार सोहीबमोजिम अगाडि बढेको उल्लेख गर्नुभयो । प्रदेश सरकारले जारी बन्दाबन्दीका अवधिमा समेत आवश्यक सुरक्षा उपायहरू अवलम्बन गर्दै विकास निर्माणका काम अघि बढाएको छ।

गण्डकी प्रदेशमा कोरोना उपचारका लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा र बागलुङस्थित धौलागिरि अस्पताललाई डेडिकेटेड अस्पताल तोकिएको छ। लेबल एक र दुई कोभिड अस्पताल तोकिएको पश्चिमाञ्चल अस्पतालमा नौ शय्याको कोभिड उपचारमैत्री आइसियु निर्माण गरिएको छ।

करिब रु २० लाखको लागतमा अस्पतालको आइसियु कक्षलाई सुदृढीकरण गरी कोभिड उपचारमैत्री बनाइएको हो । लेवल एक कोभिड अस्पतालले सामान्यतया बिरामीको व्यवस्थापन आफैँ गर्नुपर्छ भने बाहिरबाट आएका र अस्पतालमा पहिचान भएका बिरामीलाई प्रोटोकलअनुसार आइसोलेशनमा राखेर उपचार गर्नुपर्ने उल्लेख छ। लेबल दुई कोभिड अस्पतालले मध्यम, जटिल र अति जटिल अवस्थाका बिरामीको व्यवस्थापन गर्नुपर्ने हुन्छ । बाहिरबाट आएका र अस्पतालमै पहिचान भएका मध्यम र जटिल साथै अति जटिल बिरामीलाई आइसियु केयरमा उपचार गर्नुपर्ने सरकारले जारी गरेको उपचार निर्देशिकामा उल्लेख छ । सङ्क्रमित बढेसँगै प्रदेशका नाकामा सुरक्षा व्यवस्था मजबुत बनाइएको छ। स्याङ्जाको राम्दी, तनहुँको आँबुखैरेनी, नवलपुरको गैँडाकोट र दाउन्नेमा सुरक्षा इकाइ स्थापना गरी स्वास्थ्य र सुरक्षा जाँचको व्यवस्था गरिएको छ। सरकारले प्रदेश प्रवेश गर्ने नाकामा सवारी साधनलाई डिस्इन्फेक्सन गराएरमात्र प्रवेश गर्ने गराइएको छ।

कोरोनाको प्रभावकारी व्यवस्थापनका लागि प्रदेश सरकारले मुख्यमन्त्री गुरुङको संयोजकत्वमा उच्चस्तरीय निर्देशक समिति, आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङको संयोजकत्वमा समन्वय समिति तथा कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचार कोष खडा गरेको छ।

निर्देशक समितिले नीतिगत निर्णय, स्थलगत निरीक्षण, अनुगमन तथा सङ्घीय सरकार, स्थानीय तह र जिल्लास्तरीय सिसिएमसीसँग समन्वय र सहकार्य गरी कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको कार्यलाई प्रभावकारी बनाउँदै लगिएको छ । सामाजिक विकास मन्त्री नरदेवी पुन संयोजक रहेको कोरोना रोकथाम तथा नियन्त्रण कोष परिचालन समिति बनेको छ। सो कोषमा प्रदेश सरकारले शुरुआतमा रु १५ करोड राखेर कोष खडा गरेकामा हाल विभिन्न सङ्घसंस्थाबाट समेत रु तीन करोड हाराहारीमा जम्मा भएको छ । सरकारले पुनः सो कोषमा रु १५ करोड थप गरेको मन्त्री पुनले जानकारी दिनुभयो।रासस

# राष्ट्रपतिसँग राजदूतको बिदाइ भेट



काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष नेपालका लागि गणतन्त्र दक्षिण कोरियाका राजदूत पार्क योङ-सिकले शुक्रबार राष्ट्रपति निवास शीतलनिवासमा शिष्टाचार बिदाइ भेट गर्नुभयो।

सो अवसरमा उहाँहरूबीच दक्षिण कोरिया र नेपालबीच रहिआएको सम्बन्ध, आपसी हित र चासोका विषयमा कुराकानी भएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता हरिप्रसाद दाहालले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ।

राजदूत पार्कले प्रधानमन्त्री केपी शर्मा ओलीसँग पनि बिदाइ भेट गर्नुभएको थियो।रासस

# सङ्घीयता अनुसार पर्यटन ऐन ल्याउन विज्ञको सुझाव

काठमाण्डु । सरकारले नयाँ पर्यटन ऐन ल्याउन शुरु गरेसँगै विज्ञहरूले पर्यटन क्षेत्रको विकास र विस्तारका लागि सरकारलाई सुझाव दिन थालेका छन्। सरकारले ४२ वर्षपछि पर्यटनसँग सम्बन्धित ऐन ल्याउने तयारी गरेसँगै पर्यटनसँग सम्बन्धित विभिन्न सङ्घसंस्थाले बिहीबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईलाई ज्ञापनपत्र बुझाएका हुन्।

नयाँ ल्याउन लागिएको पर्यटन ऐनलाई सङ्घीयताअनुसार अगाडि बढाउन, टिकेटिङ, ट्राभल्स, टुर्सलाई दर्ता भएका कम्पनीबाट मात्र सञ्चालन गर्नेलगायतका विषयमा सुझाव दिनुभयो।रासस

# प्रविधियुक्त कोरोना अस्पताल र दक्ष चिकित्सक पदस्थापन

हेटौँडा। वाग्मती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कैलाशप्रसाद ढुङ्गेलले आर्थिक वर्ष २०७७/७८ को बजेट कोरोना भाइरस महामारी (कोभिड-१९) बाट सिर्जित बहुपक्षीय असरको निराकरणमा केन्द्रित हुने बताउनुभएको छ।

प्रदेश सरकारले आगामी असार १ गते प्रस्तुत गरिने बजेटको सन्दर्भमा राससँग उहाँले भन्नुभयो, "कोरोना सङ्क्रमणको चुनौती सामना गर्न प्रदेशको १३ वटै जिल्लामा उच्चस्तरीय प्रविधियुक्त कोरोना अस्पताल र आइसोलेसनकक्ष स्थापना तथा दक्ष चिकित्सकलाई पदस्थापन गर्ने कार्यलाई बजेटले उच्च प्राथमिकता दिइएको छ।"

मन्त्री ढुङ्गेलले जनस्वास्थ्य सङ्कट सामना गर्न पूर्वाधारसहितको गुणस्तरीय स्वास्थ्य पूर्वाधार, निजी क्षेत्रका लागि प्रोत्साहनसहितको आर्थिक पुनरुत्थान, रोजगारी सिर्जना, सबै क्षेत्रमा आधुनिक प्रविधि विस्तार, कृषि उत्पादनमा विविधिकरण, उद्योग विस्तार, पशुपालन तथा





सामाजिक सुरक्षामा बजेट केन्द्रित हुने बताउनुभयो।

प्रदेशको १३ वटै जिल्लामा प्रदेशसभाका सदस्यहरूको र स्थानीय तहको मागबमोजिम राष्ट्रिय गौरवको आयोजना, विकास आयोजना र खानेपानी सडक, विद्युतीकरण, स्वास्थ्य उपचार केन्द्रलाई बजेटले विशेष जोड दिएको उल्लेख गर्दै उहाँले हेटौँडा-काठमाण्डु जोड्ने मदनभण्डारी राजमार्गअन्तर्गत पोष्टबहादुर बोगटी, भीमफेदी-कुलेखानी सुरुङमार्गलाई आगामी चार वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी सरकारले बजेट विनियोजित गरिसकेको जानकारी दिनुभयो।

मन्त्री ढुङ्गेलले पर्यटन क्षेत्रको विकासका लागि नयाँ संरचना निर्माण र प्रदेशको राजधानी हेटौँडाबाट १३ वटै जिल्लाका जिल्ला सदरमुकाम जोड्ने सडक यातायातलाई आगामी वर्षभित्र सञ्चालनमा ल्याउने गरी सडक विस्तार र स्तरोन्नति गर्नेतर्फ बजेट उन्मुख रहेको उल्लेख गर्दै सार्वजनिक स्रोत र साधनको अधिकतम सदुपयोग हुने गरी बजेट अनुशासन कायम गर्ने तथा बजेट खर्च गर्दा त्यसलाई परिणामसँग जोडिने बताउनुभयो।रासस

## रूसको पहिलो त्रैमासिकमा पूँजी बहिर्गमन १८.८ प्रतिशत, व्यापार वचत ४१.७ प्रतिशत

एएफपी

मस्को। सन् २०२० को जनवरी-मे महिनामा रूसको पूँजी बहिर्गमिन १८.८ प्रतिशतले बढेर ३३.५ अर्ब अमेरिकी डलर पुगेको प्रारम्भिक तथ्याङ्कलाई उद्धृत गर्दै रूसी केन्द्रीय बैंकले बिहीबार जानकारी गराइएको छ।

रूसको निजी क्षेत्रले सन् २०२० को पहिलो पाँच महिनामा विश्वका अन्य मुलुकमा गरेको लगानी बढेको र यसका कारण बैंकहरूको बाह्य दायित्वहरूको कारोबार रकममा तुलनात्मक रूपमा उल्लेखनीय कटौति भएको बैंकले जनाएको छ।

पहिलो त्रैमासिकमा रूसको व्यापार वचत ४१.७ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यो वचत ४३ अर्ब २० करोड अमेरिकी डलर रहेको थियो। व्यापार बचतमा कमी आउनुलाई प्रतिकुल अन्तर्राष्ट्रिय अवस्था जिम्मेवार भएको बैंकले जनाएको छ। मुख्यतया देशको बाह्य कर्जा सञ्चालनसम्बन्धी खर्चका कारण यो समयमा रूसको अन्तर्राष्ट्रिय बचतमा दुई अर्ब ५० करोड अमेरिकी डलरको कमी आएको छ।


# अफगान राष्ट्रपति तालिबानसँगको दोहा वार्तामा जाने

एएफपी

काबुल । अफ्गानिस्तानका राष्ट्रपति असरफ घानी कतारको राजधानी दोहामा हुने भनिएको तालिबानसँगको शान्ति वार्ताका लागि तयार हुनुभएको बताइएको छ।

उहाँ दोहा वार्ताका लागि तयार हुनुभएको अफ्गानिस्तानका लागि कतारको विदेश मन्त्रालयका विशेषदूतले जानकारी दिनुभएको हो।

अफ्गानिस्तानका राष्ट्रपति घानी सो वार्ताका लागि तयार रहेको जानकारी विशेषदूत मतलक अल क्वातानीले शुक्रबार जानकारी दिनुभएको समाचारमा जनाइएको छ।



अफगानिस्तानको राष्ट्रिय मेलमिलापसम्बन्धी उच्चस्तरीय समितिका अध्यक्ष अब्दुल्लाह अब्दुल्लाहसँगको वार्तापछि उहाँले उक्त वार्तामा जानका लागि अफ्गानिस्तानका राष्ट्रपति असरफ घानीले सहमति जनाएको जानाकरी दिनुभएको विशेषदूत क्वातानीले जानकारी दिनुभएको हो।

अमेरिकाले अफ्गानिस्तानबाट हजारौं सैनिक फिर्ता गर्न सहमति जनाउँदै तालिबानसँग शान्ति वार्ताका लागि सम्झौता गरेको थियो। गत फेब्रुअरी महिनामा दोहामा भएको सो शान्ति वार्तासम्बन्धी सम्झौतामा अमेरिका, अफ्गानिस्तान र तालिबानका तर्फबाट हस्ताक्षर भएको थियो। त्यस सम्झौतामा यदि तालिबानले आफ्ना प्रतिबद्धताहरू कायम राखे अमेरिका र नेटोका साझेदारहरूले १४ महिनाभित्र आफ्ना सबै फौज अफ्गानिस्तानबाट फिर्ता गर्ने बताइएको छ। त्यसबमोजिम अमेरिकाले सैनिक फिर्ता गर्ने प्रक्रिया पनि थालिसकेको छ।

चार महिना अघि भएको सम्झौतापछि १८ वर्षभन्दा लामो समयदेखि अफ्गानिस्तानमा जारी रहेको द्वन्द्वको अन्त्य हुने अपेक्षा गरिएको छ। उक्त युद्धको अन्त्य गरेर अफ्गानिस्तान शान्तितर्फ उन्मुख हुने आशा गरिएका समाचारहरू आइरहेका छन्। यसअघि अमेरिकाको व्यापक विरोध गर्दै आएको तालिबान संगठनले पनि दोहा सम्झौताबमोजिम वार्ता गर्न स्वीकार गरेको छ। अब तालिबानहरूले अफगान सरकार र अमेरिकासँग पनि संयुक्त रुपमा वार्ता गर्ने उल्लेख छ।

सम्झौतामा हस्ताक्षर हुनुअघि अफ्गानिस्तानमा करिब एक हप्ता लामो युद्धविराम भएको थियो। उक्त सम्झौताले अफ्गानिस्तानमा युद्ध अन्त्यका लागि एउटा शक्तिशाली मार्ग प्रशस्त गर्ने सम्भावना रहेको अनुमान गरिएको छ।

# नेपालले खेल्ने स्कटल्याण्ड ट्राइ सिरिज स्थगन



काठमाण्डु। आइसीसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत आगामी जुलाइमा स्कटल्याण्डमा खेल्ने तय भएको ट्राइ सिरिज स्थगित भएको छ। किरोना भाइरसका कारण नेपाल, स्कटल्याण्ड र नामिबियासहितको नवौं चरणको उक्त सिरिज स्थगन गरिएको स्कटल्याण्ड क्रिकेट बोर्डले जनाएको छ।

उक्त सिरिज आइसीसीले जुलाई ४ देखि ११ तारिखसम्मका लागि तालिका सार्वजनिक गरेको थियो। आइसीसीसितको छलफलपछि स्कटल्याण्ड क्रिकेट सङ्घले सिरिज स्थगन गर्ने निर्णय गरेको हो। सहभागी राष्ट्र र आइसीसीसित सहकार्य गरी अर्को तालिका सार्वजनिक गरिने छ। यसअघि अप्रिल २० देखि २७ तारिखसम्म नामिबियामा हुने तय भएको नेपाल, नामिबिया र स्कटल्यान्डबीचको सिरिज तथा जुन ९ देखि १६ तारिखसम्म पपुवा न्यूगिनीमा हुने भनिएको नेपाल, युएई र पपुवा न्यूगिनीबीचको त्रिकोणात्मक सिरिजसमेत स्थगन गरिएको थियो। आइसीसी लिग-२ अन्तर्गत सात देशबीच प्रतिस्पर्धा भइरहेको छ। लिगमा नेपालले अहिलेसम्म चार खेल खेल्दै दुईमा जित तथा दुईमा हार व्यहोर्दै चार अङ्क जोडेर छैटौं स्थान बनाएको छ। आइसीसी विश्वकप लिग-२ सन् २०२२ सम्म सञ्चालन हुनेछ।

लिग-२ मा नेपालसहित अमेरिका, स्कटल्याण्ड, ओमान, युएई, नामिबिया र पपुवा न्यूगिनी छन्। प्रत्येक राष्ट्रले ३६ एकदिवसीय खेल खेल्नेछन्। लिगको शीर्ष तीन टोली सन् २०२३ को विश्वकप क्रिकेटको छनोटमा सोझै स्थान बनाउनेछन्। बाँकी चार टोलीले विश्वकप छनोटमा प्रवेश पाउनका लागि फेरी प्लेअफ खेल्नेछन्। उक्त प्लेअफमा लिग-२ बाट आउने चार टोली तथा च्यालेन्ज लिगबाट आउने दुई टोलीले प्रतिस्पर्धा गर्नेछन्। विश्वकप छनोट सन् २०२२ मा आयोजना हुनेछ। विश्वकप छनोटमा सुपरलिगका पुछारका पाँच, लिगबाट आएका तीन तथा प्लेअफबाट आउने दुईसहित १० टोलीले प्रतिस्पर्धा गर्नेछन्।

विश्वकप छनोटको विजेता र उपविजेता टोलीले सन् २०२३ मा भारतमा आयोजना हुने विश्वकप क्रिकेटमा भाग लिन पाउनेछन्। नेपालले गत माघ तेस्रो साता घरेलु मैदानमा ओमान र अमेरिकासँग विश्वकप लिग-२ को पहिलो त्रिकोणात्मक सिरिज खेलको थियो। उक्त सिरिजमा नेपाल ओमानसँग दुवै खेलमा पराजित भएको थियो भने अमेरिकासितको दुवै खेल जितेको थियो। नेपालले हालसम्म खेलेको चार खेलमा दुईमा जित तथा दुईमा हारका साथ चार अङ्क बटुलेको छ। नेपालले लिग दुईअन्तर्गत अब ३२ खेल खेल्न बाँकी छ।

लिग दुईमा हालसम्म ओमान शीर्षस्थानमा छ। ओमानले खेलेको १० खेलमा आठमा जित तथा दुईमा हारसँगै १६ अङ्क बटुलेको छ। लिगको दोस्रो स्थानमा अमेरिका रहेको छ। उसले १२ खेलमा छ मा जित तथा छ मा हारसँगै १२ अङ्क बनाएको छ। यस्तै स्कटल्याण्ड आठ खेलमा चारमा जित तथा तीनमा हारका तेस्रो स्थानमा छ। नामिबिया सात खेलमा चारमा जित तथा तीनमा हारका साथ चौथो स्थानमा छ। युएई सात खेलमा तीनमा जित तथा तीनमा हार व्यहोर्दै लिगको पाँचौं स्थानमा छ। नेपाल चार अङ्क बटुल्दै छैटौं स्थानमा छ भने पपुवा न्यूगिनी हालसम्म खेलेका आठवटै खेलमा पराजित हुँदै अङ्कविहीन अवस्थामा छ। आइसीसी विश्वकप क्रिकेट लिग दुई सन् २०२३ मा आयोजना हुने विश्वकपसम्म पुग्ने सिँढी हो। आइसीसी लिग दुई सन् २०१९ को अगस्तदेखि शुरु भएको हो।रासस

# अनलाइन पुम्से च्याम्पियनसिप हुने

काठमाण्डु । अन्तर ष्ट्रिय खुला मैत्री तेक्वान्दो च्याम्पियनसिप (आइओएफटिसी) को आयोजनामा 'लकडाउन कोभिड-१९ अनलाइन भिडियो पुम्से च्याम्पियनसिप' हुने भएको छ।

अमेरिकाको पोर्टल्याण्डमा मुख्यालय रहेको आइओएफटिसीले विश्वव्यापी महामारीकारूपमा फैलिरहेको कोरोना भाइरसका कारण विश्वभर खेलकूद गतिविधि ठप्प भएको अवस्थामा दुई चरणमा गरी उक्त अनलाइन प्रतियोगिता गर्न लागेको आइओएफटिसीका संस्थापक एवं प्रतियोगिता निर्देशक दिवाकर महर्जनले जानकारी दिनुभयो। कोरोना भाइरसका कारण खेलकूद गतिविधि ठप्प रहेका बेला खेलाडीलाई अवसर दिन तथा केही हदसम्म चलायमान बनाउन प्रतियोगिताको आयोजना गरिएको उहाँले बताउनुभयो। यसअन्तर्गत यही जुन २१ देखि २७ तारिखसम्म पहिलो चरणमा 'कलर बेल्ट' प्रतिस्पर्धा हुनेछ। यलो, ग्रिन, ब्लु र रेड बेल्टको प्रतिस्पर्धामा पुरुष तथा महिलातर्फ समान सात/सातवटा प्रतिस्पर्धा हुनेछ।

यस्तै जुलाई १२ देखि १८ तारिखसम्म ब्ल्याक बेल्टतर्फ दोस्रो चरणमा खेल खेलाइनेछ। पुरुष तथा महिलातर्फ समान ११/११ पदकका लागि खेलाडीबीच प्रतिस्पर्धा हुनेछ। "दुवै चरणको प्रतिस्पर्धा सबैका लागि खुला रहेको छ", निर्देशक महर्जनले भन्नुभयो। डेइडो, युएसए, एभरेष्ट तेक्वान्दो सङ्घ तथा युनिभर्सल युनाइटेड नेप्लिज तेक्वान्दो फेडेरेसन (युयुएनटिएफ) को सहयोगमा हुन लागेको उक्त प्रतियोगितामा करिब २५ देशका खेलाडीको सहभागिता रहने आयोजक संस्थाले जनाएको छ। यसका लागि सहभागी खेलाडीले दुई मिनेटभन्दा बढीको श्रव्यदृश्य पठाउनुपर्ने प्रावधान छ। यसरी पठाइएको श्रव्यदृश्यलाई विश्व तेक्वान्दो महासङ्घबाट मान्यता प्राप्त निर्णायक प्यानलले मूल्याङ्कन गरी खेलको नतिजा सार्वजनिक गरिनेछ।

नेपाली खेलाडीको सहजीकरणका लागि रामचन्द्र व्यञ्जनकार, रजिन सिंह, अर्जुन महर्जन र निरोज गौतम रहेको टोली गठन गरिएको छ। आइओएफटिसीको मुख्य प्रतियोगिता अन्तर्राष्ट्रिय खुला मैत्री तेक्वान्दो च्याम्पियनसिपको १३औं संस्करण कोरोना भाइरसका कारण स्थगित भएपछि आयोजकले अनलाइन प्रतियोगिताको आयोजना गर्न लागेको निर्देशक महर्जनले बताउनुभयो। उक्त च्याम्पियनसिपको १३औं संस्करण अमेरिकाको मिचिगनमा यसै वर्ष मेमा आयोजना गर्ने तालिका थियो।रासस

# विश्वमा ४ लाख २३ हजार भन्दा बढीको मृत्यु, करिब ७६ लाख संक्रमित

एएफपी

जेनेभा। कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ४ लाख २३ हजार ८८८ पुगेको छ। साथै यस संक्रमणबाट विश्वभर ७५ लाख ९९ हजार ६४९ जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) द्धारा आफ् नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ।



नेपाली समयानुसार शुक्रबारसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ३८ लाख ४३ हजार ७९५ जना निको भएका छन्। हाल विश्वभरमा कोरोना भाइरस संक्रमित ३३ लाख ३१ हजार ९६६ व्यक्ति उपचाररत रहेका छन्। संक्रमितहरूमा ५३ हजार ९१३ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ।

डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र २० लाख ८९ हजार ८२५ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा १ लाख १६ हजार ३५ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

दक्षिण अमेरिकामा १३ लाख १३ हजार ८६६ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ ५६ हजार ३९४ जनाको मृत्यु भएको छ।

उत्तर अमेरिकामा २३ लाख ९२ हजार १८७ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ १ लाख ४१ हजार ९६७ जनाको मृत्यु भएको छ।

युरोपमा २१ लाख ५६ हजार ८४५ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ८१ हजार ४७७ को मृत्यु भएको छ।

एसियामा १५ लाख ७ हजार ६२८ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ३८ हजार ३० जनाको मृत्यु भएको छ।

अफ्रिकामा २ लाख १९ हजार ५०२ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने ५ हजार ८८१ जनाको मृत्यु भएको छ।

ओसियानामा ८ हजार ९०० जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२४ जनाको मृत्यु भएको छ।

# श्रीलङ्काको संसदीय निर्वाचनको मिति फेरी तीन महिना पछि सारियो

एएफपी

कोलम्बो । श्रीलङ्काको संसदीय निर्वाचनको मिति फेरि तीन महिना पछि सारिएको निर्वाचन आयोगले बिहीबार जानकारी गराएको छ। सरकारले कोरोनाभाइरसको महामारीको कारण यही जुन २० मा गर्ने भनिएको निर्वाचनलाई आगामी अगस्ट ५ मा गर्ने घोषणा गरिएको हो। कोरोनाभाइरसको सङ्क्रमण फैलिएकाले निर्वाचनलाई पछाडी सार्नु परेको आयोगका अधिकारीहरूको भनाइ छ। कोरोनाको प्रभावको अवस्थाका आधारमा अहिले निर्धारण गरिएको निर्वाचन पनि हुने वा नहुने भन्ने बिषयमा राजनीतिक नेतृत्वबीचमा दृढविश्वास भने देखिएको छैन।

कोरोनाबाट जोगिँदै निर्वाचन सम्पन्न गर्ने बारेमा यसै हप्ताको अन्त्यतिर नमूना निर्वाचन सम्पन्न गर्ने निर्वाचन आयोगले तयारी गरेको छ। आयोगका अनुसार सामाजिक दुरी कायम गर्दै मतदान, मतगणनालगायतका कार्यहरू गर्नेगरी तयारी भइरहेको हो।

आयोगका अध्यक्ष महिन्दा देशाप्रियाले निर्वाचनको तयारीका बारेमा बिहीबार विभिन्न सञ्चार माध्यमलाई जानकारी दिनुभयो।

उहाँले यसअघि जारी गरिएको सूचनालाई संशोधन गर्दै नयाँ सूचना जारी गरिएको पनि बताउनुभयो। संशोधित सूचनामा लेखिएको छ, "संसदीय निर्वाचनका लागि यही सन् २०२० को अगस्ट ५ मा मतदान गर्ने निर्णय गरिएको जानकारी गराइन्छ।"

श्रीलङ्काका राष्ट्रपति गोतावाय राजापाक्षेले गत बर्षको मार्च २ तारिखका दिन संसद विघटन गर्नुभएको थियो। त्यसपछि उहाँले गत अप्रिल २५ तारिखका लागि निर्वाचनको मिति पनि घोषणा गर्नुभएको थियो।

अप्रिलका लागि तय भएको निर्वाचन सारेर यही जुन २० का लागि तोकिएको थियो। तर सारिएको मितिमा पनि निर्वाचन गर्न नसकिने भएपछि फेरि अर्को मिति तय गरिएको बताइएको छ।

श्रीलङ्कामा अहिले कोरोनाभाइरसका कारण कम्तीमा ११ जनाको मृत्यु भएको र दुई हजारभन्दा बढी सङ्क्रमित भएकाले निर्वाचन गर्न सकिने अवस्था नरहेको सरकारी अधिकारीहरूको भनाइ छ।

श्रीलङ्कामा अहिले पनि रातिको समयका लागि पनि निषेधाज्ञा आदेश जारी गर्दै बन्दाबन्दीलाई कडाइसाथ लागु गरिएको छ। विद्यालयहरू अर्को महिनामा मात्रै पूनः सञ्चालनमा ल्याउने प्रयास भएको र देशमा आउन चाहने विदेशी पर्यटकहरूलाई अगस्त १ सम्म भ्रमण अनुमति नदिइने बताइएको छ।

# कामबाट निकालिएका १५ लाखद्वारा बेरोजगारी भत्ताको दावी

एएफपी

वासिङ्टन । अमेरिकामा कामबाट निकालिएर वेरोजगारी भत्ताको दावी गर्नेहरूको सङ्ख्या १५ लाख पुगेको छ।



अघिल्लो हप्तासम्म यसरी बेरोजगारी भत्ता दावी गर्नेहरूको सङ्ख्या अनेपेक्षित भएको अधिकारीहरूले बताएका छन्।

अहिले पनि धेरै अमेरिकीहरूले जागिर गुमाउने क्रम जारी नै रहेको उनीहरूले जानकारी दिएका छन्। अर्थतन्त्र र बजारमा विस्तारै सुधार हुदै गएपनि रोजगारी गुमाउने क्रममा भने नरोकिएको हो।

अमेरिकामा अहिले धेरै क्षेत्रमा व्यापारिक गतिविधिहरू आंशिक रूपमा भएपनि सञ्चालन हुँदै आएका छन्। श्रम विभागले सार्वजनिक गरेको पछिल्लो विवरण अनुसार कामबाट निस्काशित हुनेहरूको सङ्ख्या अहिलेसम्मके धेरै देखिएको छ।

विषेश गरेर रेस्टुरेन्ट, खुद्रा व्यापारहरू र साना व्यवसायमा कार्यरतहरू जागिरबाट निस्काशित भएको पाइएको अधिकारीहरूले बताएका छन्। उनीहरूलाई रोजगारदाताले फेरि बोलाउने अपेक्षा गरिएपनि निश्चित भने नभएको बताइएको छ।

अमेरिकामा रोजगारी गुमाउनेहरूको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएपछि बेरोजगारी भत्ता दिनु पर्ने बाध्यताले सरकार थप अफ्ठ्यारोमा परेको छ।

व्यापार व्यवसाय घट्ने, बेरोजगारी बढ्ने र ठूलो रकम बेरोजगारी भत्ताको रूपमा वितरण गर्नु पर्ने बाध्यताले मुलुकके आर्थिक क्षमतामा असर पर्नसक्ने अनुमान गरिएको छ।

# अमेरिकाले इराकमा सेनाको संख्या घटाउने

एएफपी

वासिङ्टन । अमेरिकाले इराकमा पठाउँदै आएको अमेरिकी सेनाको संख्यामा कटौती गर्ने भएको छ।

अमेरिका र इराक सरकारको बिहीबार जारी संयुक्त वक्तव्यमा सो कुराको जानकारी दिइएको हो। अमेरिकाले इराकमा (इस्लामिक स्टेट्स) आइएसको नियन्त्रणका साथै अन्य आतंकवादी क्रियाकलापहरूको नियन्त्रणका लागि भन्दै विगतदेखि सेना पठाउदै आएको छ।

तर आगामी दिनमा ती सैनिक संख्यामा कटौती गर्ने अमेरिकाले जनाएको छ। अमेरिकाले आगामी महिनादेखि नै इराकमा खटाइने सेनाको संख्यामा कटौती गरिने जनाएको हो।

# भारतमा एकैदिनमा झण्डै ११ हजार संक्रमित, ३९६ को मृत्यु



एएफपी

नयाँदिल्ली । भारतमा कोरोनाभाइरसका कारण एकैदिनमा करिब ११ हजार जना संक्रमित भएका छन्।

सरकारी अधिकारीहरूले शुक्रबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा १० हजार ९५६ जना संक्रमित भएको पुष्टि भएको हो। योसँगै भारतमा कुल संक्रमितको संख्या २ लाख ९७ हजार ५३५ पुगेको पनि स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन्। भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले पछिल्लो २४ घण्टामा ३९६ जनाको मृत्यु भएको जनाएको छ।

योसँगै भारतमा अहिलेसम्म कोरोनाका कारण मृत्यु भएकाहरूको संख्या ८ हजार ४९८ पुगेको छ। भारतमा अहिले पनि १ लाख ४१ हजार ८४२ जना संक्रमित अवस्थामै रहेका छन् भने संक्रमण मुक्त भएकाहरूको संख्या १ लाख ४७ हजार १९५ रहेको मन्त्रालयले जनाएको छ। कोरानाभाइरसको संक्रमण भारतमा सवैभन्दा धेरै महाराष्ट्र प्रदेशमा देखिदै आएको छ। महाराष्ट्रमा मात्रै शुक्रबारसम्म ९७ हजार ६४८ जना संक्रमित भएका छन्।

दोस्रो स्थानमा तमिलनाडु प्रदेश रहेको छ। यहाँ ३८ हजार ७१६ जना सङ्क्रमित रहेका छन्। यसैगरी दिल्ली राज्यमा ३४ हजार ६८७ जना संक्रमित रहेका छन्।

# भारतमा हाल दैनिक दुई लाख कोभिड-१९ नमूना परीक्षण गर्ने क्षमता रहेको आईसीएमआरको भनाइ

एएफपी

नयाँ दिल्ली। भारतले विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को परीक्षण सेवा हाल दैनिक दुई लाख व्यक्तिलाई दिनसक्ने क्षमता रहेको भारतीय चिकित्सा अनुसन्धान परिषद् (आईसीएमआर) ले बिहीबार जानकारी गराएको छ।

आईसीएमआरका महानिर्देशक प्राध्यापक बलराम भार्गवले भारतमा अझै समुदायमा सङ्क्रमणको महामारी नरहेको पत्रकार सम्मेलनमा दावी गर्नुभयो।


उहाँले भन्नुभयो, "भारतीय समुदायमा कोभिड-१९ को सङ्क्रमण महामारीको अवस्थामा रहेको छैन। भारतमा हालको दैनिक करिब डेढ लाख सङ्क्रमितको परीक्षण हुने गरेको र यसलाई अहिलेको संरचनामा दैनिक दुई लाख विरामीलाई परीक्षण सेवा दिन सकिन्छ। आवश्यकता अनुसार यसलाई बढाउन सकिनेछ।"

भारतको ग्रामिण क्षेत्रको तुलनामा शहर करिब एक प्रतिशत मात्र रहेको र सङ्क्रमण शहरी क्षेत्रमा जस्तो अवस्थामा गाउँमा नरहेको उहाँको दावी रहेको छ।

भारत यति ठूलो मुलुक हो, जहाँ कोरोनाभाइरसको सङ्क्रमण निकै कम (एक प्रतिशतभन्दा कम) जनसङ्ख्या मा रहेको छ। यद्यपि राज्यले परीक्षण, सम्भावित विरामीको खोजीका साथै सङ्क्रमणलाई समुदायमा फैलिन नदिन क्वारेन्टिन र लक्षणका आधारमा विरामीलाई परिवार र समुदायका सदस्यबाट अलग पारी नियन्त्रण प्रयासलाई निरन्तरता दिनुपर्छ।

भारतमा केही दिन पहिलेसम्ममा नै ५० लाखभन्दा बढी व्यक्तिको सङ्क्रमण परीक्षण भइसकेको महानिर्देशक भार्गवले बताउनुभयो।

# चालक अनुमतिपत्र छपाइ जारी




काठमाण्डु । यातायात व्यवस्था विभागले बन्दाबन्दीको अवधिमा झण्डै दुई लाख ५० हजार स्मार्ट चालक अनुमतिपत्र छापेको छ । छाप्न बाँकी अनुमतिपत्रको सङ्ख्या पनि झण्डै त्यति नै रहेको विभागले जनाएको छ।

बन्दाबन्दी जारी रहँदा विभागले चालक अनुमतिपत्र छपाइलाई निरन्तरता दिइरहेको हो। गतबैशाख महिनासम्म झण्डै एक लाख ४० हजार र यही जेठ महिनामा एक लाखभन्दा बढी अनुमतिपत्र छपाइ भएको छ।

आवश्यक स्वास्थ्य सावधानी र सामाजिक दूरी कायम गरेर छपाइ अघि बढाइएको विभागका महानिर्देशक गोगनबहादुर हमालले बताउनुभयो । सरकारले गत चैत ११ गतेदेखि 'लकडाउन' लागू गरेपछि १० दिनसम्म छपाइ ठप्प थियो। उहाँले भन्नुभयो, "चैत २० गतेदेखि अहिलेसम्म नियमितरूपमा अनुमतिपत्र छापिरहेको छौं।"

केही वर्षदेखि चालक अनुमतिपत्रको छपाइमा ढिलाइ हुँदा सेवाग्राही हैरान थिए। झण्डै पाँच वर्ष पहिले हस्तलिखित अनुमतिपत्र विस्थापित गरी 'स्मार्ट' चालक अनुमतिपत्र छाप्न थालिएको थियो । विभागमा रहेका उपकरणको क्षमताभन्दा केयौँ गुणा बढी अनुमतिपत्र छाप्न पर्ने हुँदा सेवाग्राहीले अनुमतिपत्र पाएका थिएनन्।

यही समस्याको समाधानका लागि गत वर्ष असोजमा ठूलो क्षमताको छपाइ उपकरण (मास प्रिन्टर) ल्याइएको थियो । अहिले सोही उपकरणबाट छपाइ भइरहेको छ। बन्दाबन्दी पहिले साना क्षमताका प्रिन्टर भने अहिले प्रयोगमा छैन । साना प्रिन्टरले थोरै सङ्ख्यामा छाप्ने तर त्यसको सञ्चालनका लागि थप जनशक्ति चाहिने भएकाले अहिले त्यसलाई प्रयोग नगरिएको विभागले जनाएको छ। विभागले मास्क, पञ्जालगायतका आवश्यक स्वास्थ्य सामग्री उपलब्ध गराएर काम गरिरहेको छ। जोखिमबाट बचेर काम गर्नका लागि थोरै जनशक्तिबाट कामभइरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "दैनिक तीन चरणमा प्रिन्टर सञ्चालनका लागि दुई/दुईजना कर्मचारी कार्यालय आउने गर्छन्, एउटा सिफ्टको कर्मचारी गएको एक घण्टापछि मात्रै अर्का कर्मचारी आउँछन्।"

सङ्घीय सरकारले यातायात कार्यालयहरू प्रदेशलाई हस्तान्तरण गरेको थियो । अनुमतिपत्र छपाइको काम भने सङ्घीय सरकारले नै गर्दै आएको छ । नयाँ अनुमतिपत्रका लागि परीक्षा लिने, पुरानाको नवीकरण र अनुमतिपत्र वितरण भने यातायात व्यवस्था कार्यले नै गर्दै आएका छन्। सरकारले उपकरण खरिद गर्दासम्म विभागले आठ लाख अनुमतिपत्र छाप्नुपर्ने थियो। उपकरण दुई महिनासम्म पनि जडान गर्ने र तथ्याङ्क सार्नेलगायत काम भएपछि पुसदेखि सञ्चालनमा आएको हो । पहिलो केही साता एक सिफ्टमा मात्रै सञ्चालन भएकामा दुई सिफ्ट हुँदै अहिले तीन सिफ्टमा सञ्चालन भइरहेको विभागले जनाएको छ।

मास प्रिन्टरको क्षमता अरु प्रिन्टरभन्दा केयौँ गुणा बढी भएकाले छाप्न बाँकी अनुमतिपत्र चाँडै छापिसक्ने महानिर्देशक हमालले बताउनुभयो। सामान्य प्रिन्टरले एक महिनामा तीन हजार छाप्ने भए पनि यो उपकरणको क्षमता दैनिक पाँच हजार छाप्ने रहेको छ।

विभागमा अहिले देशभरका यातायात व्यवस्था कार्यालयबाट आवेदन आइरहेको छ । हस्तलिखित अनुमतिपत्र विस्थापित गर्न परीक्षा पास भएका र नवीकरण गर्ने दुवै सेवाग्राहीलाई 'स्मार्ट' चालक अनुमतिपत्र वितरण गरिँदै आइएको छ । यातायात कार्यालयहरू प्रदेश सरकारमा हस्तान्तरण भइसके पनि ती कार्यालयबाट आएका आवेदनबाट विभागले अनुमतिपत्र छापिरहेको छ । कतिपय प्रदेश सरकारले विगतमा अनुमतिपत्र छपाइमा ढिलाइ हुँदा आफैँ छाप्ने बताए पनि अहिलेसम्म कुनैले पनि उपकरण खरिद गरेका छैनन्।

'स्मार्ट' चालक अनुमतिपत्र छपाइमा रहेको ढिलाइ हटाउनका लागि सरकारले गत वर्ष नै ठूलो सङ्ख्यामा एकैपटक छाप्न ' मास प्रिन्टर' सँगै १० लाख कार्ड खरिदका लागि पनि ठेक्का सम्झौता गरेको थियो । सबै कार्ड आइसकेकाले अहिले त्यो समस्या पूरै हटिसकेको विभागले जनाएको छ ।रासस

# नेपालगञ्जको 'ड्रिम प्रोजेक्ट' सकिने चरणमा

नेपालगञ्ज । नेपालगञ्जको 'ड्रिम प्रोजेक्ट' वाटरपार्क क्षेत्रको निर्माणकार्य सकिने चरणमा पुगेको छ। लकडाउनको आधारभूत मापदण्ड पालना गर्दै स्थानीय श्रमिकको प्रयोग गरी वाटरपार्क क्षेत्रको सौन्दर्यीकरणको काम द्रुतगतिमा अघि बढाइएको छ।

नगर विकास समितिबाट हस्तान्तरण भएको सो प्रोजेक्टको कामलाई उपमहानगरपालिकाले युद्धस्तरमा अघि बढाएको छ। झण्डै १३ वर्ष पुरानो उक्त ड्रिम प्रोजेक्टअन्तर्गत अहिले सो सडक कालोपत्रको कामलाई द्रुतगतिमा सञ्चालन गरिएको छ।

उपमहानगरपालिकाका प्रवक्ता प्रमोद रिजालका अनुसार वाटरपार्कको कूल ६५ बिघा क्षेत्रफलमा आधुनिक बस्ती बसाउने गरी प्रोजेक्ट सञ्चालन गरिएको हो। सो क्षेत्रमा करिब एक हजार बढी घरधुरी बसाउने योजना छ।

नेपालगञ्जको मुटु धम्बोझी-१ को उत्तरपश्चिममा पर्ने वाटरपार्कको कूल क्षेत्रफल मध्ये १० बिघा तलाउले ओगटेको छ। सोही तलाउलाई नै वाटरपार्कको नाम दिइएको हो। रासस

# तयार भए सौराहाका होटल क्वारेन्टिन बनाउन



चितवन । सौराहाका होटल सञ्चालकले पहिलो चरणमा क्वारेन्टिनका लागि २९ वटा होटल दिन तयार भएका छन् । ती होटलमा ५०० जना अट्ने जनाइएको छ।

क्षेत्रीय होटल सङ्घ सौराहाका अध्यक्ष दीपक भट्टराईका अनुसार होटलको सूची स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय पठाइसकिएको छ । सूचीमा प्रतिव्यक्ति रु दुई हजारदेखि तीन हजारसम्म खाना र बसाइको दररेट राखिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "पाँच हजार क्षमतासम्मको होटल दिन सक्छौँ", सौराहामा १२० होटल रहेका छन्। लकडाउनसँगै पर्यटक नभएपछि सबै होटल बन्द छन्।

यसैगरी भरतपुर क्षेत्रका २२ वटा होटलले क्वारेन्टिनका लागि दिन सकिने भन्दै जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरेका छन् । होटल तथा रेष्टुरेन्ट व्यवसायी सङ्घ र होटल व्यवसायी सङ्घले नौ/नौवटा होटल क्वारेन्टिनमा दिनका लागि तयार भएको जनाएका छन् । होटल तथा रेष्टुरेन्ट व्यवसायी सङ्घका अध्यक्ष दीपक ढकालका अनुसार यसका अतिरिक्त नेपाल होटल व्यवसायी महासङ्घका वरिष्ठ उपाध्यक्ष दिनेशकुमार चुकेले आफ्नो दुईवटा होटल पनि क्वारेन्टिनमा दिनका लागि जिल्ला प्रशासन कार्यालयमा पत्राचार गर्नुभएको छ। यसअघि नै अन्य दुईवटा होटल पनि क्वारेन्टिनका रूपमा प्रयोगमा आइसकेको छ।

अध्यक्ष ढकालका अनुसार बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल आसपासका क्षेत्रमा रहेका होटललाई भने त्यहीको बिरामी राख्नुपर्ने भएकाले क्वारेन्टिनमा दिने सूचीमा राखिएको छैन । यस क्षेत्रका होटलले प्रतिव्यक्ति रु एक हजारदेखि एक हजार ५०० सम्म दररेट राखेका छन्। महासङ्घका वरिष्ठ उपाध्यक्ष चुकेले स्थानीय प्रशासनलाई निर्णय गरिदिन आग्रह गरिएको र पहिलो चरणका होटलको टुङ्गो लागेसँगै अन्य होटल क्वारेन्टिनमा दिन तयार रहेको बताउनुभयो।

प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले सबै होटललाई स्पष्टरूपमा दररेट राखेर सूची पठाउन आग्रह गरिएको बताउनुभयो। हालसम्म होटलको माग नभएको भन्दै उहाँले माग भएमा तत्काल निर्णय गरेर सूची सार्वजनिक गरिने बताउनुभयो । हाल जिल्लामा बाहिरबाट आएका व्यक्ति स्थानीय क्वारेन्टिनमा बसिरहेका छन् ।रासस

# रोपाइँको मुखमा मलको अभाव

चितवन। असार महिना शुरु हुन लाग्दा कृषकले आवश्यक मात्रामा मल पाउन सकेका छैनन्। जिल्लामा अहिले युरिया मलको अभाव देखिएको छ। घण्टौंसम्म लाइन बस्दासमेत डिएपी र पोटास पाए पनि कृषकले अहिले युरिया मल पाउन सकेका छैनन्।



धान रोपिसकेपछि बालीमा हाल्नका लागि अवश्यक पर्ने युरिया मल जिल्लाका कुनै पनि स्थानमा पुर्याउन नसकिएको कृषि सामग्री कम्पनी लि शाखा कार्यालय भरतपुरका प्रमुख रवीन्द्र गौतमले जानकारी दिनुभयो। उहाँका अनुसार धान खेतीका लागि मात्र जिल्लामा १५ हजार मेट्रिक टन माग भएको छ। तर अहिले साल्टट्रेडिङ र आफूसँग युरिया मल नभएको उहाँले बताउनुभयो।

लामो समयसम्म विश्वव्यापी लकडाउनका कारण आपूर्ति असहज हुँदा पर्याप्त मात्रामा मल उपलब्ध गराउन नसकिएको उहाँको भनाइ छ । कम्पनीले गत वर्ष १० हजार मेट्रिक टन युरिया, पाँच हजार मेट्रिक टन डिएपी र एक हजार ५०० मेट्रिक टन पोटास बिक्री गरेको थियो। साल्ट ट्रेडिङले तीन हजार मेट्रिकटन युरिया मल बिक्री गरेको थियो । अहिले दुवै संस्थामा मलको अभाव रहेको गौतमले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिलेसम्म मौज्दातबाट चलेको थियो । अब कतै छैन। लकडाउनले आउनुपर्ने मल रोकिएको छ।"

लकडाउन खुलेसँगै आपूर्ति सहज हुने उहाँको भनाइ छ । जिल्लामा वर्षेधान २७ हजार ७३५ हेक्टर र चैतेधान छ हजार हेक्टर क्षेत्रफलमा लगाउँदै आएको छ । वर्षेधान लगाउने समयमा मल नपाएपछि कृषक चिन्तित बनेका छन्।

कृषि ज्ञान केन्द्र भरतपुरका प्रमुख राजन ढकालले मलको अभाव भएपछि प्रदेश सरकारसँग आपूर्ति सहजताका लागि आग्रह गरिएको जानकारी दिनुभयो । मल ल्याएर बिक्री गर्ने संस्थाले सहजरूपमा आपूर्ति गर्न नसक्दा समस्या भएको उहाँको भनाइ छ । मलको व्यवस्थापनका लागि छलफल भइरहेको उहाँले जानकारी दिनुभयो ।रासस

# अब कृषकलाई परिचयपत्र

हेटौँडा। वाग्मती प्रदेशभित्र विभिन्न कृषिजन्य उत्पादनमा लागेका किसान र व्यवसायीको पहिचानका लागि कृषक तथा कृषि व्यवसायी परिचयपत्रको शुरुआत गरिने भएको छ। यसको लागि अभिलेख सूचना प्रविधिमा प्रविष्ट गरी सार्वजनिकीकरण गरिने जनाइएको छ। प्रदेशमा कृषिलाई प्रोत्साहन गर्नका प्रदेश सरकारले नीति तथा कार्यक्रममा यस्तो प्रावधान ल्याएको हो।

सो कार्यक्रममा कृषि कार्यमा बीउबिजनको अभाव हुन नदिन बीउबिजन बैंकको स्थापना गरिने उल्लेख गरिएको छ। कृषि, पशुपक्षी तथा मत्स्य क्षेत्रको व्यावसायिकीकरण, आधुनिकीकरण, यान्त्रिकीकरण र औद्योगिकीकरण गरी गुणस्तरीय उत्पादनमा जोड दिइने भनिएको छ।

त्यसैगरी रोजगार सिर्जना गर्नका लागि विदेशबाट फर्किएका वा स्वदेशमा रहेका तथा कृषिसम्बन्धी अनुभव, ज्ञान र सीप बटुलेका कृषि र पशुपक्षी विषयमा अध्ययन पूरा गरी बेरोजगार रहेका युवालाई कृषि पेशामा आबद्ध गरी उत्पादनमा जोड्न विशेष रोजगार, आयमूलक कोभिड विशेष कृषि कार्यक्रमको थालनी गरिने जनाइएको छ। हाल स्थानीय तहहरूले पनि कृषि क्षेत्रलाई प्राथमितामा राखेर प्रोत्साहनका लागि विभिन्न प्रविधिका साथै प्रोत्साहित कार्यक्रमहरू ल्याएको जनाइएको छ ।रासस

# खुले पसल छैनन् ग्राहक



काठमाण्डु । असन, इन्द्रचोक, न्यूरोड, वसन्तपुरलगायत काठमाण्डुका भित्री क्षेत्रमा लगभग सबै पसल सञ्चालनमा आएका छन् । त्यहाँ पुग्दा लाग्छ बन्दाबन्दीको धेरै असर छैन, पूर्णरूपमा जनजीवन सहज भइसकेको छ।

पसल पूर्ववत् खुलेका छन्। सावधानीमा ध्यान दिइएको छैन। सामान खरिद गर्न आएका उपभोक्ताले नै सावधानी अपनाएको देखिन्छ। मानिसको आवत जावत देख्दा अत्यावश्यक कामका लागि मात्र होइन समान्यरूपमा घुमफिरका लागि पनि बाहिर निस्केका छन् । कतिपयले त सामान्य मास्क पनि लगाएको देखिँदैनथ्यो।

बन्दबन्दी जारी हुनुपूर्व अघि जस्तै गरी मानिसको आवत जावत छ । सरकारले कोभिड-१९ को सङ्क्रमण रोक्न झण्डै ८० दिनदेखि लागू गरेको बन्दाबन्दीको आदेशलाई बिहीबारदेखि केही खुकुलो बनाएसँगै भीडभाड बढेको हो।

लामो समयदेखि कायम रहेको बन्दाबन्दीका कारण आर्थिक क्रियाकलापसँगै सर्वसाधारणको जनजीवनमा नै असर परेकाले त्यसलाई सामान्य बनाउन बन्दाबन्दीलाई केही खुकुलो बनाइएको हो । जोखिमलाई मध्यनजर गरी कतिपय सेवामा लगाइएको प्रतिबन्धलाई अझै कायमै राखिएको छ।

तर नागरिकले यस कुराको व्यवस्था गरी बिना प्रवाह सडकमा देखिन्छन्।

यसले जोखिम बढाउने भन्दै पूर्णरूपमा सावधानी अपनाएर मात्र सञ्चालन गर्नुपर्ने सरुवा रोग विशेषज्ञ डा अनुप बाँस्तोलाको भनाइ छ। उहाँका अनुसार नागरिकको जनजीवन सहज बनाउनका लागि बन्दाबन्दीलाई केही सहज बनाउन प्रयास गरिए पनि भाइरसको जोखिम अझै कम भएको छैन, हरेक दिन बढ्ने क्रम जारी छ, त्यसैले उच्च सावधानीको साथ मात्र व्यसाय सञ्चालन गर्न आवश्यक छ।

भाइरस तत्काल नहट्ने र काठमाडौँ उपत्यकालाई थप सुक्षित राख्ने हो भने बाहिरबाट आउने मानिसको आवागमनलाई पूर्णरूपमा रोक लगाउनुपर्ने र नागरिक आफैँ सचेत भई सावधानीपूर्णरूपमा बाहिर निस्कने अनावश्यकरूपमा नजाने जस्ता आधारभूत मापदण्डलाई पालना गर्नुपर्ने उहाँको भनाइ छ । सरकारले सवारी साधन सञ्चालनमा जोर, बिजोर प्रणाली लागू गरेपछि उपत्यकामा सवारी चाप पनि बढेको छ।

त्रिपुरेश्वर, थापाथली, बानेश्वर, जमललगायतका ठाउँमा सवारी चाप अत्यधिक बढेको देखिन्छ । सरकारले सर्वसाधारणको बढी उपस्थिति हुने स्थान तथा सार्वजनिक सवारी सञ्चालनका हकमा भने हालकै अवस्थालाई कायम राखिएको छ।

**सञ्चालन हुने सेवा**

गत बुधबार बसेको मन्त्रिपरिषद्को निर्णयअनुसार स्वास्थ्यसँग सम्बन्धित सबै सेवा, सबै प्रकारका कृषि तथा पशुपक्षी व्यवसाय, उद्योग व्यापार, व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर, सबै प्रकारका ढुवानी, भौतिक दूरी कायम गर्दै भीडभाड नहुने गरी पैदल आवागमन, साइकल र मोटरसाइकल (एकजना मात्रै चढ्ने गरी) सञ्चालन गर्न पाइने छ।

सरकारले मानिसको बढी भीडभाड हुने र सहभागिता बढी हुने क्षेत्रको हकमा भने हालको व्यवस्थालाई नै कायम गरेको छ। त्यस्तो सेवा सञ्चालन गर्न पाइने छैन । जसअनुसार शैक्षिक संस्था, अनुमतिप्राप्तबाहेकका अन्तर्राष्ट्रिय र आन्तरिक उडान, तोकिएका बाहेकका अन्तर्राष्ट्रिय सीमानाकाबाट हुने आवागमन, सबै प्रकारका तालिम, सेमिनार, सभा, गोष्ठी र भेलालगागतका काम गर्न पाइने छैन।

**असार १ गतेदेखि सञ्चालन हुने सेवा**

सरकाले आगामी असार १ गतेदेखि लागू हुने गरी केही सेवा सञ्चालन गर्ने निर्णय पनि गरेको छ । विभिन्न कार्यालयको सेवा भने दुई सिफ्टमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । बैंक, वित्तीय संस्था, सहकारी, बीमा सेवा असार १ गतेबाट मात्रै सञ्चालन हुनेछन् ।रासस

# भारतबाट कर्णाली भित्रिनेको सङ्ख्या ४१ हजार नाघ्यो

सुर्खेत । रोजगारीको सिलसिलामा भारत गएका कर्णालीका ४१ हजारभन्दा बढी नागरिक स्वदेश फर्केका छन्।

वैशाख महिनासम्म दुई हजार ४०० नागरिक बबई नाकाबाट कर्णालीमा प्रवेश गरेकामा जेठ महिनामा त्यो सङ्ख्या १९औँ गुणाले बढेर आयो।

जेठ ६ गतेदेखि दैनिक हजारौँ मान्छे आउने क्रम निर्बाध चलेपछि यो महिनाको २९ गतेसम्म ३८ हजार ७१२ नागरिक कर्णाली भित्रिएको कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयका सूचना अधिकारी कृष्णबहादुर रोकायले जानकारी दिनुभयो।

"कर्णाली भित्रिनेमा सबैभन्दा बढी नागरिक दैलेखका करिब १४ हजार र दोस्रोमा सुर्खेतका ११ हजार २४२ नागरिक रहेका छन्", उहाँले भन्नुभयो, "त्यस्तै, कालीकोटका पाँच हजार, जाजरकोटका तीन हजार ५२१, सल्यानका तीन हजार ५१८, रुकुमपश्चिमका एक हजार ४४७, मुगुका एक हजार ३५०, जुम्लाका एक हजार २५७ र हुम्लाका २७५ नागरिक कर्णाली प्रवेश गरेका छन् ।" डोल्पा जिल्लामा भने भारतबाट आउनेको सङ्ख्या शून्य रहेको उहाँले बताउनुभयो।

भारतबाट ४१ हजारभन्दा बढी नागरिक कर्णाली भित्रिए पनि अझै आउने क्रम रोकिएको छैन । जेठको १५ देखि २९ गतेसम्म २८ हजार २६४ नागरिक कर्णाली भित्रिएको रेडक्रस जिल्ला शाखा सुर्खेतका सभापति नरहरि रेग्मीले जानकारी दिनुभयो । "हामीले यो अवधिमा भारतबाट आएका २५ हजार ४६० नागरिकलाई खाना, पानी र २८ हजार २६४ लाई सुर्खेतको छिन्चुमा पानी उपलब्ध गराएका छौँ", सभापति रेग्मीले भन्नुभयो, "यो सेवामा कोपिला भ्याली सेवा समाज, लायन्स क्लब, जेसिस सुर्खेत, युनिसेफ, विश्व खाद्य, सङ्गठन र उद्योग वाणिज्य सङ्घको पनि सहयोग रहेको छ।"

यसमा कर्णाली प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले खाद्यान्न उपलब्ध गराएको छ।

प्रदेश सरकारले छिन्चुमा खानाका प्रबन्ध गरेपछि पछिल्लो समयमा भारतबाट कर्णाली फर्किने नागरिकले खाना र पानी राम्रोसँग पाएको भारतबाट स्वदेश फर्केका कालीकोटका दुर्गा बोगटीले बताउनुभयो । सरकारले खाना र पानीका साथै उद्धार पनि राम्रैसँग गरेको तिला गाउँपालिका-४ जुम्लाका सुरेश सुनारले बताउनुभयो।

भारतबाट आएका ४१ हजार नागरिकमा अहिले तीन हजार ९३ महिला र २७ हजार पुरुष गरी करिब ३० हजारको हाराहारीमा क्वारेन्टिनमा छन्।

कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय स्वास्थ्य सेवा महाशाखाका प्रमुख डा लक्ष्मीनारायण तिवारीका अनुसार ७०७ पुरुष र ५६ महिला गरी ७६३ कोरोना सङ्क्रमितमध्ये ७३१ आइसोलेशनमा रहेका छन्। ६० जना कोरोना जितेर घर फर्किसकेका छन्।

एक साताअघि दैनिक चार हजारको सङ्ख्यामा आउने नागरिक अहिले दैनिक एक हजारमा झरेको छ । यद्यपि आउने क्रम नरोकिएको आन्तरिक मामिला तथा कानून मन्त्रालयले जनाएको छ। रासस

# चितवनमा जडीबुटी प्रशोधन उद्योग स्थापना

भरतपुर। चितवनमा पहिलोपटक जडीबुटी तेल प्रशोधन उद्योग स्थापना भएको छ। जिल्ला जडीबुटी सहकारी सङ्घले रत्ननगर नगरपालिका-११ मङ्गलपुरमा उद्योग स्थापना गरेको हो।

उद्योगको बिहीबार वाग्मती प्रदेशका सांसद कृष्ण खनालले उद्घाटन गर्नुभयो। करिब ४० लाखको लगानीमा स्थापना गरिएको उद्योगले वनस्पतिबाट निस्कने सबै तेल उत्पादन गर्ने जिल्ला जडीबुटी सहकारी सङ्घका अध्यक्ष कुलप्रसाद देवकोटाले जानकारी दिनुभयो। उद्योगमा प्रशोधन मेसिनसँगै सङ्कलन केन्द्र स्थापना गरिएको छ। उद्योग नहुँदा चितवनमा उत्पादन भएको जडीबुटी बारा जिल्लामा निर्यात गरिएको थियो। उद्योग स्थापनापश्चात जिल्लामा वार्षिक दुई हजार लिटर तेल उत्पदन गरिने अध्यक्ष देवकोटाले बताउनुभयो।

उद्योग स्थापनाका लागि केन्द्रीय वन विभागले रु तीन लाख ६० हजार सहयोग गरेको छ। अन्य रकम सहकारी आफैँले उठाएका छन्।

चितवनमा ५० किसान जडीबुटी खेतीमा आबद्ध छन्। कतिपय सहकारी आफैँले पनि जडीबुटी खेती गरेका छन्। भरतपुर र रत्ननगरका विभिन्न क्षेत्र, सामुदायिक वन र कबुलियती वनमा जडीबुटी खेती गरिएको छ।

चितवनमा मेन्था, सिटोमेला, क्यामामाइल, लेमन ग्रास, तितेपातीलगायतका जडीबुटी उत्पादन हुने गरेको छ। एउटै सिजनमा मेन्था १० टन, सिटोमेला ३० टन उत्पादन भएको जडीबुटी सङ्घले जनाएको छ।

उद्घाटन कार्यक्रममा रत्ननगर नगरपालिकाका प्रमुख नारायण वन, केन्द्रीय जडीबुटी सङ्घका अध्यक्ष ईश्वरी पाण्डेलगायतको उपस्थिति थियो ।रासस

# निकासी प्रवर्द्धन गर्न नयाँ कानून ल्याइँदै

काठमाण्डु । सरकारले स्वदेशी श्रम तथा सीप र कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तुको निकासी प्रोत्साहन गर्ने लक्ष्यका साथ नयाँ कानून प्रस्ताव गरेको छ। सङ्घीय संसद् सचिवालयमा दर्ता भई हाल सांसदहरूलाई वितरण गरिएको 'निकासी पैठारीसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक'मा व्यापार घाटा घटाउने लक्ष्यका साथ निकासीलाई विशेष प्राथमिकतामा राखिएको छ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले संसद्मा पेश गरेको सो विधेयकलाई 'निकासी पैठारी (नियमन) ऐन, २०७६' नाम दिइएको छ।

स्वदेशी सीप र कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तु वा त्यस्तो वस्तुसँग सम्बद्ध सेवाको निकासीलाई प्रोत्साहन गर्न सरकारले त्यस्ता वस्तु वा सेवाको निकासीमा विशेष सुविधा तथा सहुलियत प्रदान गर्ने विषयलाई प्रस्तावित विधेयकले प्रमुख प्राथमिकतामा राखेको छ।

सरकारले प्रदान गर्ने सुविधा वा सहुलियतसम्बन्धी व्यवस्था भने नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिम हुने प्रबन्ध गरिएको छ।

नेपालमा उत्पादन भएका वस्तु स्थानीय बजारबाट खरिद, सङ्कलन, प्रशोधन वा प्याकेजिङ गरी निकासी गर्ने प्रयोजनका लागि सरकारले निर्यात गृह स्थापना गर्न वा गराउन सक्ने व्यवस्थासमेत विधेयकमा गरिएको छ। निकासी हुने वस्तुको सरकारले उत्पत्तिको प्रमाणपत्र जारी गर्नेछ। मन्त्रालय मातहतको कुनै निकाय वा प्रचलित कानूनबमोजिम स्थापित संस्थाले उत्पत्तिको प्रमाणपत्र जारी गर्न सक्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था विधेयकमा छ।

विधेयकले निकासी प्रवर्द्धन कोष स्थापना गर्ने व्यवस्था गरेको छ । निकासी प्रोत्साहन एवं प्रवर्द्धन गर्न स्थापना हुने कोषले आवश्यकताअनुसार रकमसमेत उपलब्ध गराउने र कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ।

विधेयकले निकासी वा पैठारीमा केही वस्तुमा भने रोक लगाउन सक्ने प्रबन्ध गरिएको छ। त्यसमा लोपोन्मुख जीवजन्तु, पशुपक्षी, वनस्पति तथा प्राकृतिक स्रोत, कालात्मक ऐतिहासिक, पुरातात्विक वा सांस्कृतिक महत्वका वस्तु एवं सम्पदा रहेका छन्। विदेशी व्यक्तिबाट कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ प्राप्त गरी कुनै वस्तुको आंशिक वा पूर्णरूपमा निर्माण, गरिएको छ। रासस



**सिमामा तनाव ।** सर्लाही जिल्लाको नारायणपुर-३ र भारतको जानकीनगर सिमामा शुक्रवार बिहान गोली चलेपछि नेपाल र भारतका सशस्त्र सीमा सुरक्षा बलका अधिकारीहरु निरिक्षण गर्दै । फोटो : टुडे

# एकैदिन ४४८ सङ्क्रमित थप, १६ घर फर्के

काठमाण्डु । कोभिड-१९ को सङ्क्रमण शुक्रबार एकै दिन ४४८ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले विभिन्न प्रयोगशालामा गरिएको परीक्षणमा ४२४ पुरुष र २४ महिलामा सङ्क्रमण देखिएको बताए ।

शुक्रबार देखिएको सङ्क्रमितको संख्या अहिलेसम्मकै सबैभन्दा बढी हो । गत माघ ९ गते नेपालमा पहिलोपटक चीनको वुहानबाट आएका एक विद्यार्थीमा पहिलोपटक सङ्क्रमण देखिएको थियो । योसँगै सङ्क्रमितको संख्या पाँच हजार ६२ पुगेको छ । तीमध्ये चार हजार ७०९ पुरुष र ३५३ महिला रहेका छन् ।

उनका अनुसार प्रादेशिक प्रयोगशाला विराटनगरमा गरिएको परीक्षणमा मोरङका दुई पुरुष र झापाका सात पुरुष रहेका छन् । यस्तै त्रिवि शिक्षण अस्पतालमा गरिएको परीक्षणमा महोत्तरीका १० पुरुष, भरतपुरस्थित प्रयोगशालामा गरिएको परीक्षणमा चितवनका आठ पुरुष, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको परीक्षणमा धादिङका एक पुरुष, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा गरिएको परीक्षणमा सप्तरीका १७ पुरुष, उदयपुरका तीन पुरुष र सिरहाका ११ पुरुष रहेका छन् ।

यस्तै कोशी अस्पतालमा गरिएको परीक्षणमा इलामका एक पुरुष, झापाका छ पुरुष र सुनसरीका एक महिला तथा नौ जना सङ्क्रमण देखिएको छ । यसैगरी प्रादेशिक प्रयोगलामा पोखरामा गरिएको परीक्षणमा पर्वतका १३ पुरुष, स्याङ्जाका २२ पुरुष, नवलपुर (पूर्व)का एक र तनँहुका एक पुरुषमा सङ्क्रमण भएको पृष्टि भएको छ ।

यस्ते भेरी अस्पताल नेपालगञ्जमा गरिएको परीक्षणमा बर्दियाका दुई महिला र १३ पुरुष, बाँकेका एक महिला, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा गरिएको परीक्षणमा नवलपरासी (पूर्व)का चार पुरुष, मोरङ एक, धादिङका दुई महिला र २५ पुरुष रहेका छन् ।

यस्ते धुलिखेल अस्पतालमा गरिएको परीक्षणमा कपिलवस्तुका एक महिला र तीन पुरुष तथा सर्लाहीका चार पुरुष रहेका छन् । यस्ते राप्ति जनस्वास्थ्य प्रयोगशाला गरिएको परीक्षणमा दाङका तीन महिला र पाँच पुरुष रहेका छन् ।

सुर्खेतस्थित प्रयोगशालामा गरिएको परीक्षणमा दैलेखका पाँच महिला र ३३ पुरुष तथा सुर्खेतका दुई महिला र ४३ पुरुष, प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला रुपन्देहीमा गरिएको परीक्षणमा अर्घाखाँचीका दुई पुरुष, गुल्मी र पाल्पाका एक/एक जना पुरुष, प्युठानका दुई पुरुष रुपन्देहीका तीन महिला र १३ पुरुष नवलपुर (पश्चिम)का एक महिला र एक पुरुष रहेका छन् ।

यसैगरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा गरिएको परीक्षणमा १४१ जना सङ्क्रमण भएको पृष्टि भएको छ । तीमध्ये सर्लाहीका नौ महिला र ४१ पुरुष, रौतहटका ८६ पुरुष, बारा, धादिङ, धनुषा, नुवाकोटका एक/एक जना पुरुष र काठमाडौँकी एक जना महिला रहेका छन् ।

**१६ जना डिस्चार्ज**

मन्त्रालयका प्रवक्ता डा गौतमका अनुसार आज १६ जना सङ्क्रमित पूर्णरुपमा निको भई घर फर्किएका छन् । तीमध्ये १२ पुरुष र चार महिला रहेका छन् । अहिलेसम्म ८७७ डिस्चार्ज भई घर फर्किका छन् । तीमध्य ७८६ पुरुष र ९१ महिला रहेका छन् ।

शुक्रबार डिस्चार्ज भएर घर फर्किनेमा सशस्त्र प्रहरीको कोभिड-१९ युनिफाइड अस्पताल, बलम्बुबाट दुई महिला र एक पुरुष, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट एक महिला, काठमाण्डु मेडिकल अस्पताल दुवाकोटबाट दुई महिला र एक पुरुष, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट आठ पुरुष र ह्याम्स अस्पतालबाट एक पुरुष डिस्चार्ज भएर घर फर्किएका छन् ।

अहिलेसम्म पिसिआर एक लाख २१ हजार ८६२ र आरडिटी एक लाख ८८ हजार ५२ जनाको गरिएको छ । २४ घण्टामा पिसिआर पाँच हजार ९२५ जना र आरडिटी नौ हजार ९०९ मा गरिएको छ ।रासस




## कोभिड-१९ बाट थप एकको मृत्यु

काठमाण्डु । कोरोना भाइरस कोभिड-१९ बाट शुक्रबार थप एक जना मृत्यु भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले अर्घाखाँची मालारानी गाउँपालिका-४ का ५७ वर्षका पुरुषको निधन भएको बताए ।

गत बुधबार लुम्बिनी अस्पताल बुटवलबाट उपचार गरी घर फर्कने क्रममा कोद्रे खोला नजिक उनको निधन भएको हो । उनी १२ दिनअघि भारतको महाराष्ट्रबाट आई सोही ठाउँको सार्वजनिक आधारभूत माध्यमिक विद्यालयको क्वारेन्टिनमा बसेका थिए । क्वारेन्टिनमा बसेका बेला स्वासप्रस्वासमा समस्या आएपछि अस्पताल लगिएको थियो ।

मन्त्रालयका प्रवक्ता डा गौतमले मृत्युपछि उहाँको प्रादेशिक प्रयोगशालामा गरिएको परीक्षणका क्रममा बिहीबार जेठ २९ गते कोभिड-१९ को सङ्क्रमण देखिएको बताउनुभयो । उहाँसँगै कोभिड-१९ बाट मृत्यु हुनेको संख्या १६ पुगेको छ ।रासस

# नगरप्रमुख विरुद्ध नेकपा र काँग्रेसको संयुक्त धर्ना

**सुरेन्द्र सिंह**

बर्दिबास । महोत्तरीको भंगहा नगरपालिकाका प्रमुख संजिव साहको विरुद्धमा नेपाल कम्युनिष्ट पार्टी र नेपाली काँग्रेसका स्थानीय नेताहरुले संयुक्त रुपमा धर्ना बसेका छन् ।

उनीहरुले ६ बुँदे माग राख्दै ३ दिने धर्ना कार्यक्रम शुरु गरेका छन् । नगरभित्रका विपन्न परिवारलाई ५० किलो चामल, १० किलो दाल, ३ किलो नुन र ५ लिटर खाने तेल अविलम्ब राहतको रुपमा उपलब्ध होस, किसान लक्षित कार्यक्रम अन्तर्गत मलखाद विउ अविलम्ब खरिद गरि त्यसको पचास प्रतिशत अनुदानमा उपलब्ध गराउ, सरकारी मापदण्ड अनुसार क्वारेन्टाईन बस्नेहरुको खाने बस्ने व्यवस्था गरिदियोस, हानी पुग्ने गरि भई रहेको नदी उत्खनन कार्य तुरन्तबन्द गरियोस, प्रधानमन्त्री रोजगार कार्य अन्तर्गत रोजगार मात्र उपलब्ध हुने कार्यक्रम गरियोस र बजार ठेक्का तथा नदी जन्य बालुवा गिटी को ठेक्का औनलाईनको आधारमा गरियोस भन्ने मांगका साथ बिहीबारदेखि धर्नामा बसेको नेपाली कांग्रेसका नगर अध्यक्ष रुपनारायण सिंहले बताए ।




सीतापुर बजारमा बसेको धर्नामा नेकपाका स्थानीय नेता अरुण सिंह, रमेश यादव, लालबाबु यादव, मुकुन्द दाहालसहितका छन् भने नेपाली कांग्रेसका स्थानीय नेता विष्णुदेव यादव, नागेश्वर प्रसाद यादव, मदन मोहन यादव, उमाशंकर यादव लगायतका सहभागि छन् ।

यता नगरप्रमुख साहले लोकतन्त्रमा सरकार विरुद्ध धर्ना, आन्दोलन गर्न पाउनु लोकतान्त्रिक अधिकार भएको बताउँदै कोरोना महामारीलाई मध्यजनर गरी गरिएको लकडाउनमा बर्ताको माध्यमबाट समस्या समाधान गर्न राम्रो हुने बताए ।

## फेरी क्वारेन्टाइनमै

**लालबाबु बनिया**

वीरगञ्ज ।क्वारेन्टाइनमा २०/२२ दिन बस्दापनि पीसीआर टेस्टको रिर्पोट नआएको भन्दै क्वारेन्टाइनबाट भागेहरुलाई सुरक्षाकर्मीले फेरी क्वारेन्टाइनमा ल्याएका छन् ।

पर्सा जिल्लाको धोबीनी गाउँपालिका वडा नम्बर ४ लङ्गाडीको विद्यालयमा रहेको क्वारेन्टाइनबाट भागेका सबै ४४ जनालाई नै प्रहरीले फेरी क्वारेन्टाइनमा ल्याएकोछ ।

क्वारेन्टाइनमा रहेका सबै जना विहिवार राती सुरक्षाकर्मीलाई छल्दै भागेका थिए ।उनीहरुलाई पोखरीया इलाका प्रहरी कार्यालय र अन्य चौकीबाट खटिएको प्रहरीले भागेकाहरुलाई घर, टोलबाट खोजेर ल्याएको बताइएकोछ ।प्रहरीका अनुसार राती २२ जना र शुक्रवार बिहान २२ जनालाई ल्याएर क्वारेन्टाइनमा राखिएकोछ ।उनीहरुको ५ दिन पूर्व नै स्वाब लिएपनि हाल सम्म पीसीआर रिर्पोट आएको छैन् ।

इलाका प्रहरी कार्यालय पोखरियाका ईन्चार्ज प्रहरी निरीक्षक चन्द्र सिहंले गाउँपालिकाको चौकीदारको सुरक्षा जिम्मामा रहेको क्वारेन्टाइनबाट मानिसहरु भागेको सुचना पाए लगतै राती नै प्रहरी परिचालनगरि आधीलाई फिर्ता ल्याइएको बताए ।

क्वारेन्टाइनमा लामो समय अनावश्यक बस्दा संक्रमण सर्ने जोखिम बढी रहेको जनाउँदे उनीहरुले समयमा जाँच नभएकै कारण संक्रमितको संख्या बढेकोबाट चिन्ता बढाएको बताए ।क्वारेन्टाइनमा नै बढी संक्रमितहरु भेंटने गरेकाले त्रास बढाएको उनीहरुको कथन छ ।

# कर मिनहाको माग गर्दै मुख्यमन्त्रीलाई ज्ञापन

**टुडे समाचारदाता**

जनकपुरधाम । लकडाउन अवधिको सम्पूर्ण कर मिनहा लगायत सात बुंदे माग राखेर नेपाल चेम्बर अफ कमर्स प्रदेश २ ले मुख्यमन्त्री लालबाबु राउतलाई ज्ञापनपत्र बुझाएको छ ।

प्रदेश अध्यक्ष पवन कुमार ठाकुरको अगुवाईमा गएको व्यापारीहरुको टोलीले मुख्यमन्त्री राउतलाई ज्ञापनपत्र बुझाएका हुन् ।

लकडाउन अवधि भरिको बैंक ब्याजमा विशेष छुटको व्यवस्था मिलाई उद्योगी व्यवसायीहरुलाई राहत दिनुपर्ने, घरभाडा र बिजुली महसुल छुट गर्न पहल गर्नुपर्ने, प्रदेशको सबै जिल्लामा कोरोना संक्रमितको पहिचान गर्न पीसीआर टेष्टमा तिव्रता दिनुपर्ने र संक्रमितको आधारमा रेड, ओरेंज र ग्रिन जोन छुट्टयाइ रोकथामको लागि पहल गर्नुपर्ने, सीमानाकाहरुमा अनिवार्य रुपमा स्यानिटाइजरको व्यवस्था गर्नुपर्ने, कोरोना भाइरसको महामारी रोक्न सरकार असफल भएकोले समाजिक दूरी कायम राखि जनजीवन समान्य बनाउने लगायतको माग राखेर चेम्बर्स अफ कमर्स प्रदेश २ ले ज्ञापनपत्र बुझाएका हुन् ।

गएको चैत ११ गतेदेखि जारी लकडाउनका कारण व्यापार क्षेत्र नराम्ररी प्रभावित भएकोले तत्काल यसको व्यवस्थापनको लागि पहल गर्नुपर्ने अध्यक्ष ठाकुरले बताए ।

# आगलागी हुँदा सात घर जलेर नष्ट



**सिकेन्द्र पासवान**

कलैया । बाराको कलैयाको मोतिवागमा रहेको मुसहर बस्तीमा आगलागी हुँदा ७ वटा घर जलेर नष्ट भएको छ । आगलागी हुँदा लाखौंको क्षति भएको छ ।

बेलदार माझीको चुलोबाट सल्केको आगोले कलैया उपमहानगरपालिका वडा नम्बर ३ मा रहेको सो मुसहर बस्तीका बच्चा माझी, मनु माझी, महादेव माझी, बिकल माझी, खनेरु माझी लगायतका फुसको घर जलेको प्रहरी प्रवक्ता गौतम मिश्रले जानकारी दिए ।

आगलागीबाट लताकपडा, अन्नपात, भाडाकुडा, काठ गरी करिब २ लाखको क्षति भएको प्रहरी प्रवक्ता मिश्रले बताए ।

कलैया उपमहानगरपालिकाबाट गएको बारुणयन्त्रको सहयोगमा आगो नियन्त्रणमा लिएको प्रवक्ता मिश्रले जनाए । घर जलेसँगै ती दलित समुदायका ब्यक्तिहरु बिचच्चलीमा परेका छन् ।

# रामधान र सम्बा मन्सुली सब-१ को नाममा चामल ब्रान्डिङ्ग शुरु




**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम हर्दिनाथ, धनुषाले धानको उन्मोचित जात रामधान र सम्बा मन्सुली सब-१ को नाममा चामलको ब्रान्डिङ्ग शुरु गरेको छ ।

सर्लाहीको ओम शान्ति खाद्य उद्योग, बयलबास-७ मा शुक्रबार आयोजित कार्यक्रममा प्रतिनिधिसभा सदस्य प्रमोद कुमार साहले चामलको ब्रान्डिङ्गको उद्घाटन गरेका हुन् ।

राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम हर्दिनाथ, धनुषाले आयोजना गरेको उद्घाटन कार्यक्रममा प्रतिनिधिसभा सदस्य साहले कृषिमा निर्भर प्रदेश २ को विकासको लागि कृषि क्षेत्रको विकास अपरिहार्य रहेको बताए ।

कृषि क्षेत्रको विकास बिना प्रदेश र देशको विकास सम्भव नरहेको उनले थपे । राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम हर्दिनाथका धान संयोजक डा. रामवरण यादवले कार्यक्रमको उद्येश्यबारे प्रकाश पारे ।

कार्यक्रममा पूर्वमन्त्री शम्भुलाल श्रेष्ठ, पूर्व सभासद जंगीलाल राय, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश २ का सचिव डा. विमल कुमार निभेल, इश्वरपुर नगरपालिकाका मेयर मनोज देवकोटा, उपमेयर एकावती चौधरी, क्षेत्रीय कृषि निर्देशनालय प्रदेश २ का निर्देशक रतन झा, कृषि अनुसन्धान परवानीपुरका निर्देशक केशव श्रेष्ठ, उद्योग वाणिज्य संघका अध्यक्ष विष्णुहरी मैनाली, श्रीओम शिवशक्ती खाद्य उद्योगका संचालक मनोज साह लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रमका वरिष्ठ वैज्ञानिक देवनिधि तिवारीले स्वागत मन्तव्य राखेका थिए ।

**नोबेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जनकपुर टुडे मिडिया ग्रुपको अपिल

नियमित रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुघाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोएर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।

रुघाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com